खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति"को कमाल
त्रिशक्ति ट्रेक्टर

नजर हमर
राष्ट्रिय दैनिक
मधेशदृष्टि
Madheshdristi National Daily



मधेशका १८ मतगणना शुरु हुन बाँकी

● वर्ष १ ● अंक १३ ● २०७९ साल मंसिर ६ गते मंगलवार ● Tuesday 22 Nov. 2022 ● पृष्ठ ८ ● मूल्य रु. ५/-

# मधेशका १४ क्षेत्रमा मतगणना जारी

## कांग्रेस ५, जसपा ४, माओवादी, जनमत र एस १/१ स्थानमा अग्रता

**मधेशदृष्टि**
**जनकपुर, मंसिर ५**

आइतवार सम्पन्न प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनको देशभर सहित मधेश प्रदेश जिल्लाका निर्वाचन क्षेत्रहरुको मतगणना जारी छ ।

सोमवार बिहानदेखि मतगणना शुरु भएपनि मधेश प्रदेशका ८ जिल्लाका प्रतिनिधि सभातर्फ ३२ निर्वाचन क्षेत्र मध्ये यो समाचार लेख्दासम्म १४ वटा निर्वाचन क्षेत्रको मात्र मतगणना जारी रहेको छ । जसमध्ये महोत्तरी र सिरहा जिल्लाको कुनैपनि निर्वाचन क्षेत्रको मतगणना शुरु हुन सकेको छैन ।

प्रदेशका सप्तरीको चारवटै निर्वाचन क्षेत्र, धनुषाको १, २ र ३, सर्लाहीको ३, रौतहटको १, ३ र ४, बाराको ३ र पर्साको २ र ४ क्षेत्र नम्बरको मतगणनामात्र जारी रहेको छ । प्रदेशका अन्य क्षेत्रहरुमा सर्वदलीय सहमति हुन नसक्दा मतगणना शुरु हुन नसकेको सम्बन्धित निकायले जनाएका छन् ।

प्राप्त जानकारी अनुसार प्रदेशका १४ क्षेत्रमा जारी मतगणना अनुसार कांग्रेसले सबभन्दा बढी ५ स्थानमा अग्रता लिएका छ भने जसपा ४, माओवादी केन्द्र, जनमत पार्टी, नेकपा एस, एमाले र स्वतन्त्र १/१ स्थानमा अग्रता लिएका छन् ।

कांग्रेस सप्तरीको क्षेत्र नं. ३, ४, रौतहट ४, पर्सा २ र ४ अग्रता लिएको छ । जसपा सप्तरीको १, धनुषाको १, २, बाराको ३, जनमत पार्टी सप्तरीको २, माओवादी केन्द्र सर्लाहीको ३, एमाले धनुषाको ३, नेकपा एस रौतहटको १ र स्वतन्त्र उम्मेदवार रौतहटको ३ मा अग्रस्थानमा छन् ।



निर्वाचन आयोगका अनुसार सप्तरी क्षेत्र नं १ मा जनता समाजवादी पार्टी, नेपालका उम्मेदवार नवलकिशोर साह सुडी १५५० मत ल्याई अग्रस्थानमा छन् । निकटतम प्रतिद्वन्द्वी नेपाली कांग्रेसका उम्मेदवार रामदेव साह (तेली) ११०६ मतका साथ दोस्रो स्थानमा छन् ।

सप्तरी क्षेत्र नं २ मा जनमत पार्टीका उम्मेदवार चन्द्रकान्त (सीके) राउत ५०४३ मत ल्याई अग्रस्थानमा छन् । निकटतम प्रतिद्वन्द्वी जनता समाजवादी पार्टी, नेपालका उम्मेदवार उपेन्द्र यादव २३१६ मतका साथ दोस्रो स्थानमा छन् ।

सप्तरी क्षेत्र नं ३ मा नेपाली कांग्रेसका उम्मेदवार दिनेशकुमार यादव १२८७ मत ल्याई अग्रस्थानमा छन् । निकटतम प्रतिद्वन्द्वी नेपाल कम्युनिष्ट पार्टी (एमाले)का उम्मेदवार ताराकान्त चौधरी ६४४ मतका साथ दोस्रो स्थानमा छन् ।

सप्तरी क्षेत्र नं ४ मा नेपाली कांग्रेसका उम्मेदवार तेजुलाल चौधरी १२३ मत ल्याई अग्रस्थानमा छन् । निकटतम प्रतिद्वन्द्वी जनमत पार्टीका उम्मेदवार सुकदेवप्रसाद साह १०२ मतका साथ दोस्रो स्थानमा छन् ।

धनुषा क्षेत्र नं १ मा जनता समाजवादी पार्टी, नेपालका उम्मेदवार दीपक कार्की २८४ मत ल्याई अग्रस्थानमा छन् । निकटतम प्रतिद्वन्द्वी राष्ट्रिय प्रजातन्त्र पार्टीका उम्मेदवार मनोज मल्ल ठकुरी २८३ मतका साथ दोस्रो स्थानमा र माओवादी केन्द्रका मातृका यादव २२३ मत ल्याई तेश्रो स्थानमा छन् भने जनमत पार्टीका किशोरी साह कमल १०३ मत ल्याई चौथो स्थानमा छन् ।

धनुषा क्षेत्र नं २ मा एमालेका उम्मेदवार उमाशंकर अरगरिया २८७ मत ल्याई अग्रस्थानमा छन् भने निकटतम प्रतिद्वन्द्वी कांग्रेसका रामकृष्ण यादव २२७ मतका साथ दोस्रो स्थानमा छन् ।

धनुषा क्षेत्र नं ३ मा एमालेकी उम्मेदवार जुलीकुमारी महतो ८६६ मत ल्याई अग्रस्थानमा छिन् भने निकटतम प्रतिद्वन्द्वी लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का अनिल झा ५१८ मतका साथ दोस्रो स्थानमा छन् । जनमत पार्टीका उम्मेदवार शम्भुनाथ साह ३९६ मत ल्याई तेश्रो स्थानमा छन् ।

सर्लाही क्षेत्र नं ३ मा माओवादी केन्द्रका उम्मेदवार नरेन्द्र साह कलवार ६३५ मत ल्याई अग्रस्थानमा छन् । निकटतम प्रतिद्वन्द्वी नेपाल कम्युनिष्ट पार्टी (एमाले)का उम्मेदवार हरिप्रसाद उप्रेती ५१५ मतका साथ दोस्रो स्थानमा छन् ।

रौतहट क्षेत्र नं १ मा नेपाल कम्युनिष्ट पार्टी (एकिकृत समाजवादी)का उम्मेदवार माधवकुमार नेपाल ७२९ मत ल्याई अग्रस्थानमा छन् । निकटतम प्रतिद्वन्द्वी नेपाल कम्युनिष्ट पार्टी (एमाले)का उम्मेदवार अजयकुमार गुप्ता ५९९ मतका साथ दोस्रो स्थानमा छन् ।

रौतहट क्षेत्र नं ४ मा नेपाली कांग्रेसका उम्मेदवार देवप्रसाद तिमलसेना ६५० मत ल्याई अग्रस्थानमा छन् । निकटतम प्रतिद्वन्द्वी नेपाल कम्युनिष्ट पार्टी (एमाले)का उम्मेदवार उध्दवप्रसाद रेग्मी २४० मतका साथ दोस्रो स्थानमा छन् ।

रौतहट क्षेत्र नं ३ मा चापाकल छापका स्वतन्त्रका उम्मेदवार ओमप्रकाश १०६७ मत ल्याई अग्रस्थानमा छन् । निकटतम प्रतिद्वन्द्वी माछा छापका स्वतन्त्रका उम्मेदवार प्रभु साह ८०७ मतका साथ दोस्रो स्थानमा छन् भने माओवादी केन्द्रका रविन्द्र पटेल ७१९ मतले तेश्रो स्थानमा छन ।

बारा क्षेत्र नं ३ मा जनता समाजवादी पार्टी, नेपालका उम्मेदवार रामबाबुकुमार यादव ४०७ मत ल्याई

बाँकी पृष्ठ २ मा

# उपेन्द्रलाई पछी पार्दै सिके सीके दोब्बर मतले अघि

मधेशदृष्टि
जनकपुर, मंसिर ५ सप्तरीको निर्वाचन क्षेत्र नम्बर-२ मा प्रतिनिधि सभा र प्रदेशसभा दुबैमा डा. सिके राउत नेतृत्वको जनमत पार्टीका उम्मेदवारले अग्रता कायम गरेका छन् ।



प्रतिनिधिसभातर्फ सप्तरी-२ मा जनमतका अध्यक्ष समेत रहेका राउतले जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवलाई दोब्बर भन्दा मतले पछार्दै अग्रस्थानमा रहेका छन । त्यहाँ उनको जित निकाल्ने सम्भावना थप बलियो बनेको छ ।

यो समाचार लेख्दासम्म सीके राउत ५ हजार ७१८ मतसहित अग्रस्थानमा रहेका छन् भने जसपा अध्यक्ष उपेन्द्रले मात्र २ हजार ६४७ मत ल्याई दोश्रो स्थानमा छन भने लोसपाका उम्मेदवार जयप्रकाश ठाकुर १ हजार २०९ मतसहित तेस्रो स्थानमा छन् ।

# मुख्यमन्त्री राउत अग्रता लिदै

मधेशदृष्टि
वीरगंज, मंसिर ५, पर्सा प्रदेशसभा सदस्य १(ख) का बाट प्रदेभसभा सदस्यमा उम्मेदवारी दिएका मधेश प्रदेश प्रमुख लालबाबु राउतको प्रारम्भिक अग्रता कायमै छ । सोमबार साँझसम्मको गणनामा उनले फराकिलो अग्रता लिएका छन् । गणना भएको ३ हजार ६ सय ३६ मत मध्ये राउतले १ हजार ३ सय २ मत प्राप्त गरेका छन् भने काग्रेसका रामनारायण कुर्मीले ८१२ मत पाएका छन् ।



वीरगंज महानगरको १६ नम्बर वडाको गणना पछिको परिणाममा राउत अगाडी देखिएका हुन् । महानगरको सबैभन्दा धेरै मतदाता भएको वडाको मत निर्णायक मानिन्छ । यस वडामा कसले अग्रता लिने हुन भन्ने अड्कलबाजीबीच राउत अगाडी आएका हुन् । यसै वडामा बासिन्दा ओमप्रकाश सर्राफ(लौरो) चुनाव चिन्ह तेश्रो स्थानमा छन् ।

# पर्सा १ मा जसपाका प्रदिप अगाडी

मधेशदृष्टि
यता, पर्सा क्षेत्र नं १ बाट नेपाल समाजवादीबाट उम्मेदवार बनेका पूर्ववनमन्त्री प्रदीप यादवले प्रारम्भिक मतगणनामा गणना भएको मतको करिव आधामत ल्याएका छन् । सोमबार अबेर साँझसम्म गणना भएको ३ हजार ६ सय ३३ मत मध्ये यादव एक्लैले १ हजार ८ सय ८ मत ल्याएका छन् । प्रदीपलाई कांग्रेसबाट बिद्रोह गरेर स्वतन्त्र उम्मेदवारी दिएका अजय द्धिवेदीले १ हजार २ सय ७६ मत ल्याएका छन् । किरण डंगोल(राप्रपा हलो)ले २२० मत ल्याउँदा सत्ता गठबन्धनका उम्मेदवार लोसपा नेता लक्ष्मणलाल कर्णको भने ५० मतमात्र छ ।



# कृषि औजार कारखाना ३० करोड आवश्यक

## परिक्षणको क्रममा ५४ वटा मध्ये ४३ वटा ठुला मेशिनहरु सञ्चालन

**शारदा पोखरेल,**
**पर्सा, मंसिर ५ गते**

तीन दशकदेखि बन्द रहेको वीरगञ्ज स्थित कृषि औजार कारखाना पुनं सञ्चालनमा लागि तत्कालै ३० करोड बजेट आवश्यक पर्ने देखिएको छ । राष्ट्रिय अविष्कार केन्द्रले सरकारलाई बुझाएको प्रतिवेदनमा न्यूनतम् २५ देखि ३० करोड बजेट सरकारबाट प्राप्त भए कारखाना सञ्चालन गर्न सकिने जनाएको छ ।

अविष्कार केन्द्रका सिनियर मेकानिकल ईन्जिनीयर रितेश देवले अविष्कार केन्द्रले प्रतिवेदन सरकारलाई बुझाईसकेकोले बजेट पास हुनासाथ कारखाना सञ्चालनको काम सुरु हुने बताए । राष्ट्रिय अविष्कार केन्द्रको १८ जनाको टिमले पहिलो चरणमा दैनिक १४ घन्टा खटेर कारखाना भित्रका पुराना औजारहरुको सरसफाई, चल्नसक्ने नसक्ने अवस्था के छ, अनुमानित सञ्चालन खर्चबारे अध्ययन गरेको थियो ।



अविष्कार केन्द्रले २ साताअघि सो बारे सरकारलाई प्रतिवेदन बुझाईसकेको देवले जानकारी दिए ।

'हामीले पुरानो मेशिन मर्मतसम्भारको लागि ७ देखि ८ करोड, विद्युत्तीकरणको लागि १० करोड सहित कारखाना सञ्चालन गर्न न्यूनतम् ३० करोड रकम सरकारसँग माग गरेका छौ । सो रकम निकासा हुनासाथ कारखाना सञ्चालनको काम शुरु हुन्छ' मेकानिकल ईन्जिनियर रितेश देवले भने 'कारखाना सञ्चालन भएपछि पहिलो चरणमा कुन कुन औजार उत्पादन गर्ने भन्ने विषयमा अहिले कार्यविधि बनाउने काम भईरहेको छ ।'

अविष्कार केन्द्रले गरेको अनुसन्धानको क्रममा कारखाना भित्र रहेका ५४ वटा ठुला मेशिनहरु मध्ये ४३ वटा मेशिन

बाँकी पृष्ठ ६ मा



# कसैले तोड्न सकेनन् शेरे धनुषाको ९३ हजार मतको रेकर्ड

मधेश दृष्टि
जनकपुर, मंसिर ५ । पंचायती व्यवस्थादेखि अहिलेसम्म स्थानीय तह ४ र संसदीय ६ गरी १० वटा निर्वाचन भएका छन भने तर यी निर्वाचनहरु मध्येका नाइकेको भूमिकामा धनुषाका शेरे धनुषा भनिएका हेमबहादुर मल्ल नै छ । उनले अहिलेसम्म ल्याएको ९३ हजार १ सय ४९ मतको रेकर्ड अहिलेसम्म देशैभरिमा कसैले तोड्न सकेको छैन । पहिलो संविधान सभा निर्वाचनमा ४६ हजार २ सय ७२ मत ल्याएर तत्कालीन माओवादी नेता डा. बाबुराम भट्टराई 'म्यान अफ दि इलेक्सन' बनेका थिए । २०७४ को आम निर्वाचनमा झापा-५ मा ५७ हजार १ सय ३९ मत ल्याएर एमाले अध्यक्ष केपी शर्मा ओली ' म्यान अफ दि इलेक्सन' बने ।



प्रत्येक निर्वाचनपिच्छे यस्ता 'रेकर्ड' बनिरहे । तर, २०४३ को आम (राष्ट्रिय पञ्चायत सदस्य) निर्वाचनमा धनुषाबाट निर्वाचित हेमबहादुर मल्लले जुन रेकर्ड बनाए, त्यो रेकर्ड अहिलेसम्म कसैले तोड्न सकेको छैन । त्यो निर्वाचनमा मल्ल ९३ हजार १ सय ४९ मत प्राप्त गरी राष्ट्रिय पञ्चायत (पञ्चायतकालीन संसद) सदस्यमा विजयी भएका थिए ।

आफूमात्र अत्याधिक मतका साथ विजयी भएनन्, आफ्नी श्रीमती शारदा मल्ललाई पनि हेमबहादुरले विजयी बनाएर राष्ट्रिय पञ्चायतमा पुरयाएका थिए । हुनत त्यसयता जनसंख्या वृद्धिसँगै प्रत्येक निर्वाचनमा मतदाताको संख्या पनि बढेको छ । तर, हेमबहादुर मल्लले प्राप्त गरेको मतलाई कसैले माथ गर्न सकेका छैनन् ।

पञ्चायतकालमा 'वालिग मताधिकार' का आधारमा पहिलो आम निर्वाचन २०३८ मा भएको थियो । त्यो निर्वाचनमा सर्वाधिक मत प्राप्त गरी विजयी हुने उम्मेदवार मल्ल नै थिए । २ लाख २७ हजार १३ मतदाता रहेको धनुषाबाट ७६ हजार २ सय ७० मत प्राप्त गरी उनी राष्ट्रिय पञ्चायत सदस्यमा निर्वाचित भएका थिए । त्यो निर्वाचनमा सर्वाधिक मत प्राप्त गरी विजयी बनेपछि उनको परिचय 'शेरे धनुषा' (धनुषाको शेर) को उपाधि पाउन सफल भएको थियो ।

'धनुषाको शेर' (सिंह) भन्ने यो परिचयलाई उनले २०४३ को निर्वाचनमा सर्वाधिक ९३ हजार १ सय ४९ मत प्राप्त गरी कायमै राखेका थिए । त्यो निर्वाचनमा दोस्रो सर्वाधिक मत प्राप्त गर्नेमा काठमाडौंबाट विजयी जनपक्षीय उम्मेदार पद्मरत्न तुलाधर थिए । तुलाधर ८६ हजार १ सय ५५ मत प्राप्त गरेका थिए ।

पूर्वअञ्चलाधीश सेनको भनाइमा, ठकुरी समुदायको भए पनि धनुषामा मल्ल पहाडी समुदाय भन्दा मधेशी समुदायका मतदाताबीच लोकप्रिय थिए । 'ठकुरी समुदायको र जमिनदार भएकाले कतिपय मानिसहरु उनलाई शोषक पनि भन्थे । तर, धनुषाका ग्रामीण समुदायका मानिसहरुका लागि उनी संरक्षकको रुपमा थियो ।

धनुषामा उहाँको साथ पाएको व्यक्ति पनि शक्तिशाली मानिन्थ्यो । 'शेरे धनुषा' अहिले यो संसारमा छैनन् । ११ वर्षअघि २०६८ जेठमा उनको निधन भयो । उनका छोरा मनोज मल्ल लगायत पारिवारिक सदस्यहरु धनुषामा 'शेरे धनुषा' कै विरासतको राजनीति गरिरहेका छन् । अहिले उनी धनुषाको क्षेत्र नम्बर १ मा राप्रपाबाट उम्मेदवार बनेका छन ।

२०३७ को जनमत संग्रहपछि संविधान संशोधन गरी वालिग मताधिकारका आधारमा राष्ट्रिय पञ्चायतको निर्वाचन हुने व्यवस्था गरियो । राजाबाट मनोनित २८ र ७५ जिल्लाबाट वालिग मताधिकारका आधारमा निर्वाचित १ सय १२ गरी राष्ट्रिय पञ्चायत १ सय ४० सदस्यीय थियो। ७५ जिल्लाबाट १ सय १२ निर्वाचित हुने भएकाले अलिक धेरै मतदाता कतिपय जिल्लाबाट २ जना निर्वाचित हुन्थे । यसमध्ये धनुषाले पनि दुई जनालाई निर्वाचित गरी राष्ट्रिय पञ्चायतमा पठाउने गर्थ्यो ।

२०३८ को निर्वाचनमा पनि सर्वाधिक मत प्राप्त गरेका 'शेरे धनुषा' ले २०४३ को निर्वाचनमा धनुषाबाट आफूमात्र होइन, श्रीमती शारदा मल्ललाई पनि प्रतिस्पर्धामा उतार्ने निर्णय गरे । हेमबहादुर-शारदापुत्र मनोज मल्ल भने धनुषामा धेरै राजनीतिक खिचातानीका कारण विकास निर्माणका काममै अवरोध हुन थालेपछि आफ्ना बुबाले आमा शारदाका साथ आफैं निर्वाचनमा प्रतिस्पर्धा गर्ने निर्णय लिएको दाबी गर्छन् ।

त्यो निर्वाचनमा धनुषामा मल्ल परिवारबाट हेमबहादुर र शारदा मल्ल मात्र होइन, कृष्णप्रताप मल्ल पनि प्रतिस्पर्धामा उत्रिए । त्यसअघि कृष्णप्रताप धनुषा जिल्ला पञ्चायतको सभापति थिए ।

कृष्णप्रताप हेमबहादुरका जेठा दाजु दुर्गाबहादुरका पुत्र हुन् । व्यापार-व्यवसायमा संलग्न कृष्णप्रतापलाई राजनीतिमा ल्याउने काम हेमबहादुरले नै गरेका थिए । व्यापार-व्यवसाय छाडेर २०३४ मा राजनीतिमा संलग्न भएपछि उनी प्रधानपञ्च, जिल्ला पञ्चायत सदस्य र धनुषा जिल्ला पञ्चायतको सभापतिसम्म बने । जिल्ला पञ्चायत सदस्य हुँदासम्म ठीकै थियो। तर, भतिज कृष्णप्रतापले सभापति समेत बनेर सहज रुपमा राजनीतिको सिंढी चढ्न थालेपछि हेमबहादुरले उनलाई प्रतिस्पर्धीका रुपमा देख्न थाले। त्यसैले, २०४३ को आम निर्वाचनसम्म काका-भतिजबीच राजनीतिक फाटो आइसकेको थियो ।

मल्ल परिवारबाट हेमबहादुर-शारदा र उनीहरुलाई चुनौती दिँदै भतिज कृष्णप्रताप मल्लसमेत २०४३ को आम निर्वाचनमा प्रतिस्पर्धामा उत्रिएपछि धनुषाको राजनीतिक थप रोचक र प्रतिस्पर्धापूर्ण भएको थियो । कृष्णप्रताप काका हेमबहादुरको चाहनाविपरीत २०३९ मा जिल्ला पञ्चायत सभापतिमा विजयी भएका थिए ।

त्यसैले, भतिज कृष्णप्रताप पनि जिल्लामा कम शक्तिशाली र लोकप्रिय थिएनन् ।

अहिलेसम्म कसैले तोड्न नसकेको 'रेकर्ड-मत' सहित हेमबहादुर रापंसमा विजयी हुँदा पत्नी शारदा ५३ हजार ९ सय ९६ मतसहित पति हेमबहादुरलाई पछ्याउँदै रापंस निर्वाचित भइन् । त्यो निर्वाचनमा हेमबहादुरको चुनाव चिन्ह ' हात्ती' थियो भने शारदाको 'डुङ्गा' थियो । विजयी हेमबहादुर र दोस्रो बढी मत प्राप्त गरेकी शारदाको मतान्तर ३९ हजार १ सय ५० थियो।

२०४३ मा भएको निर्वाचनमध्ये धनुषाको मत परिणाम ४ जेठ (२०४३) मा भएको थियो। त्यसक्रममा हेमबहादुर मल्ल र शारदा मल्ल दुवै जना विजयी भएको घोषणा गरियो । तर, त्यो मत परिणाम विवादरहित हुन सकेन ।

'शेरे धनुषा' माथि आतंक सिर्जना र धाँधली गरी लोग्ने-स्वास्नी नै विजयी हुने वातावरण सिर्जना गरेको आरोप लाग्दै आयो । आरोप लगाउनेमा उनकै प्रतिस्पर्धी भतिज कृष्णप्रताप मल्ल पनि थिए । अन्य उम्मेदवारहरुले पनि धाँधली गरी मत परिणाम आफ्नो पक्षमा पारेको आरोप लगाए । कृष्णप्रतापका भनाइमा, उनलाई त्यो निर्वाचनमा प्रतिस्पर्धाका लागि राजा वीरेन्द्रका कान्छा भाइ अधिराजकुमार धीरेन्द्रले प्रोत्साहित गरेका थिए ।

२०३८ को आम निर्वाचनमा धनुषाबाट हेमबहादुरसँगै राष्ट्रिय पञ्चायतमा निर्वाचित देवनारायण यादव पनि २०४३ को त्यो विवादास्पद निर्वाचनमा हेमबहादुर-शारदाबाट पराजित भएका थिए । २०५६ को आम निर्वाचनमा नेपाली कांग्रेसका नेता विमलेन्द्र निधिलाई धनुषा-४ बाट पराजित गरी कृष्णप्रताप राप्रपाको तर्फबाट प्रतिनिधि सभामा निर्वाचित भएका थिए ।

मनोज भने आफ्ना बुबा 'शेरे धनुषा' प्रतिको ईर्ष्यावश कृष्णप्रताप मल्लको परिवारले झुठो आरोप लगाएको दाबी गर्छन् । 'त्यो घटना धनुषामा होइन, महोत्तरीमा भएको थियो,' उनले भने, 'निर्वाचनमा बुबा-आमालाई जित्न नसक्ने स्थिति सिर्जना भएपछि विपक्षीहरुले चुनावी मसला बनाउन मात्र त्यस्तो आरोप लगाएका थिए ।

'त्योबेला हेमबहादुर मल्लको जुन शक्ति र हैसियत थियो, उनले धनुषामा गर्न नसक्ने कुरा केही थिएन' पूर्वअञ्चलाधीश सेनले भने, 'निर्वाचनमा त्यो शक्ति र हैसियतको प्रयोग वा दुरुपयोग के गरे, त्यो चाहिँ म भन्न सक्दिनँ । '

जे होस्, निर्वाचन आयोगले त्यहाँको निर्वाचन र मत परिणामलाई मान्यता दियो। निर्वाचन अधिकृतले हेमबहादुर मल्ल ९३ हजार १ सय ४९ मत र शारदा मल्ल ५३ हजार ९ सय ९६ मत प्राप्त गरेको अहिलेसम्म नेपालको इतिहासमा रेकर्ड नै बनेको छ ।

# चित्रलेखा र राजकिशोरको उम्मेदवारी खारेज गर्न मांग

मधेशदृष्टि
सिरहा, मंसिर ५ । सिरहा क्षेत्र नं. २ का नेपाली काँग्रेसका उम्मेदवार निवेदन दर्ता गराई काँग्रेसका उम्मेदवार चित्रलेखा र जसपाका राजकिशोर यादवले चुनावमा रकम बाँड्नुको दुई उम्मेदवारले कात्तिक २५ गतेदेखि मङ्सिर ४ गते मतदान हुँदासम्म मतदातालाई प्रभाव पर्ने गरी





चित्रलेखा यादव र जनता समाजवादी पार्टी नेपालका उम्मेदवार राजकिशोर यादवको उम्मेदवारी खारेजको स्वतन्त्र उम्मेदवार सुरेशकुमार कार्कीले माग गरेका छन् । कार्कीले सोमवार निर्वाचन आयोगमा साथै भोजभतेर समेत गरेको भन्दै उनीहरूको उम्मेदवारी खारेजीको उनले माग गरेको हो । निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ को दफा २० को उपदफा (१) बमोजिम उनीहरुलाई कार्कीले कारबाही माग गरिएको हो । घरघरमा गएर रकम बाँडेको भोजभतेर गरेको आरोप स्वतन्त्र उम्मेदवार कार्कीले लगाएका छन् । उनले ऐनको दफा २१ को उपदफा (२) बमोजिम हदैसम्मको सजाय गरी निजहरू दुवैको उम्मेदवारी खारेजीको माग गरेका छन् ।

## मधेशका १४ क्षेत्रमा ..................

अग्रस्थानमा छन् । निकटतम प्रतिद्वन्द्वी एमालेकी उम्मेदवार ज्वालाकुमारी साह ३९२ मतका साथ दोस्रो स्थानमा छिन् ।

पर्सा क्षेत्र नं २ मा नेपाली कांग्रेसका उम्मेदवार अजयकुमार चौरसिया ६७६ मत ल्याई अग्रस्थानमा छन् । निकटतम प्रतिद्वन्द्वी जनता समाजवादी पार्टी, नेपालका उम्मेदवार सुरेन्द्रप्रसाद कुर्मी ४९६ मतका साथ दोस्रो स्थानमा छन् ।

पर्सा क्षेत्र नं ४ मा नेपाली कांग्रेसका उम्मेदवार रमेश रिजाल ९४९ मत ल्याई अग्रस्थानमा छन् । निकटतम प्रतिद्वन्द्वी नेपाल कम्युनिष्ट पार्टी (एमाले)का उम्मेदवार जालिममियाँ मन्सुरी ८४२ मतका साथ दोस्रो स्थानमा छन् ।

त्यस्तै प्रदेश सभा सदस्यतर्फ सप्तरी प्रदेश सभा सप्तरी २ (१) मा जनमत पार्टीका सतिसकुमार सिंह ३८०० मतका साथ अग्रस्थानमा छन् भने जसपाबाट प्रदेशको अर्थमन्त्री शैलेन्द्र प्रसाद साह जसपा १८३२मत ल्याएर दोश्रो स्थानमा छन् । लोसपाका सरोजकुमार मण्डल १३९४ तेश्रो स्थानमा छन भने २ (२) मा जनमतका महेश प्रसाद यादव ३४८३ ल्याई अग्रस्थानमा छन् । त्यस्तै माओवादी केन्द्रका उमेशकुमार यादव ११८० मतले दोश्रो तथा जसपाका लक्ष्मण यादव ९१६ मत ल्याई तेश्रो स्थानमा छन् ।

धनुषा ३ (१) मा जनमत पार्टीका डा. प्रसन्न झा ५७४ ल्याई अग्रस्थानमा छन भने कांग्रेसबाट प्रदेशका भौतिक पुर्वाधार विकास मन्त्री रामसरोज यादव ३७९ मत ल्याई दोश्रो र जसपाका जितेन्द्र यादव २६४ मत ल्याई तेश्रो स्थानमा छन ।

यस्तै पर्सा क्षेत्र नम्बर १ को (१) पछिल्लो परिणाम अनुसार स्वतन्त्र उम्मेदवार अन्सारीले ९५३ मत ल्याई अग्रस्थानमा छन । दोश्रो स्थानमा रहेका माओवादी केन्द्रका उम्मेदवार रहबर अन्सारीले ९१७ मत, एमाले उम्मेदवार विचारी यादवले ५१६ मत प्राप्त गरेका छन् ।

पर्सा १ (२) पछिल्लो परिणाम अनुसार जसपाबाट मुख्यमन्त्री लालबाबु राउतले १ हजार ३०२ मत ल्याई अग्रस्थानमा छन । कांग्रेसका रामनारायण प्रसाद कुर्मी ८१२ मत ल्याई दोश्रो स्थानमा रहेका छन भने हाम्रो पार्टी नेपाल लौरो छापका ओमप्रकाश सर्राफ ५०१ मतले तेश्रो स्थानमा छन ।

पर्साका २ (१) मा कांग्रेसका श्याम पटेल २ हजार १ मत ल्याई अग्रस्थानमा रहेका छन । पछिल्लो मतपरिणाम अनुसार जसपाका रामनरेश यादव १६२४ दोश्रो, स्वतन्त्र उम्मेदवार स्यांबगो लामा तामाङ्ग ७९० मत ल्याई तेश्रो स्थानमा छ ।

पर्सा २ (२) मा स्वतन्त्र उम्मेदवार रुपेशमान सिंह ७०७ मतले अग्रस्थानमा छन भने लोसपाका रमेश प्रसाद कुर्मी ६५२ ल्याई दोश्रो र एमालेका हरेराम प्रसाद ६०४ मतले तेश्रो स्थानमा छ ।

पर्सा ४ (१) मा कांग्रेसका शंकरप्रसाद चौधरी १ हजार ४७७ मतले अग्रस्थानमा छ भने एमालेका जयप्रकाश थारु ७१५ र स्वतन्त्र उम्मेदवार जरीलाल थिङ १७६ मत ल्याएका छन ।

## विदेशी विनिमय दर

**Fixed Rate**

| Currency | Unit | Buying | Selling |
|---|---|---|---|
| Indian Rupee (INR) | 100 | 160 | 160 . 15 |

**Open Market Rates**

| Currency | Unit | Buying | Selling |
|---|---|---|---|
| USD (U.S. Dollar) | 1 | 130.40 | 131.00 |
| EUR (European Euro) | 1 | 134.63 | 135.25 |
| GBP (UK Pound Sterling) | 1 | 155.02 | 155.73 |
| CHF (Swiss Franc) | 1 | 136.57 | 137.20 |
| AUD (Australian Dollar) | 1 | 87.00 | 87.40 |
| CAD (Canadian Dollar) | 1 | 97.42 | 97.86 |
| SGD (Singapore Dollar) | 1 | 94.77 | 95.20 |
| JPY (Japanese Yen) | 10 | 9.29 | 9.33 |
| CNY (Chinese Yuan) | 1 | 18.32 | 18.40 |
| SAR (Saudi Arabian Riyal) | 1 | 34.69 | 34.85 |
| QAR (Qatari Riyal) | 1 | 35.60 | 35.76 |
| THB (Thai Baht) | 1 | 3.64 | 3.66 |
| AED (UAE Dirham) | 1 | 35.50 | 35.66 |
| MYR (Malaysian Ringgit) | 1 | 28.64 | 28.77 |
| KRW (South Korean Won) | 100 | 9.73 | 9.78 |
| SEK (Swedish Kroner) | 1 | 12.26 | 12.32 |
| DKK (Danish Kroner) | 1 | 18.10 | 18.18 |
| HKD (Hong Kong Dollar) | 1 | 16.67 | 16.75 |
| KWD (Kuwaity Dinar) | 1 | 423.51 | 425.46 |
| BHD (Bahrain Dinar) | 1 | 345.89 | 347.48 |

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

**धनुषा (0४१)**

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| ५२६०९१,०४१६२०४९१, | ५२०२३०, ५२३८६४ |
| | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

**महोत्तरी (0४४)**

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

**रत्नसागर मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:00 बजे |
| बिहान पूजा आरती: | ८:00 बजे |
| भोगराज लाग्ने सयम: | ११:३0 बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:00 बजे |
| मन्दिर बन्द हुने समय: | १२:00 बजे |
| खुल्ने समय (दिउँसो): | ४:00 बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३0 बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १0:00 बजे |

## मन्दिरको समय

**जानकी मन्दिर (प्रत्यके दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | 0५:00 बजे |
| बिहान पूजा आरती : | 0७:00 बजे |
| बिहान ढोका बन्द : | १२:00 बजे |
| अन्न क्षत्रे : | नि:शूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | 0४:00 बजे |
| सन्ध्या पूजा आरती:साँभझा : | 0७:३0 बजे |

**राम मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | 0५:00 बजे |
| मंगल आरती : | 0७:३0 बजे |
| महाप्रसाद भोग : | १२:00 बजे |
| दिउँसो ढोका खुल्ने समय : | 0३:३0 बजे |
| सन्ध्या पुजा आरती साँझ : | 0७:00 बजे |
| रात्रि भोग : | 0९:00 बजे |
| पट बन्द : | 0९:१५ बजे |

## ----- राशिफल -----

**मेष - ARIES**
चु,चे,चो,ला,लि,लु,ले,लो,अ
आज फजुलको धन खर्च हुनसक्छ । घरायसी कामधन्दाका लागि खट्नु पर्ने छ । मनमा दुबिधा उत्पन्न हुनेछ । चोटपटकको भय छ सचेत रहनुहोला ।

**वृष- TAURUS**
इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
नयाँ काम सुरु गर्ने समय छ । जोशजाँगर र उमंग बढ्ला । आर्थिक कारोबारमा सफलता पाइएला । साथीभाइबाट बढी फाइदा लिने समय छ ।

**मिथुन - GEMINI**
का,कि,कु,घ,ङ,छ,के,को,ह
उन्नति एवं प्रगतिको वातावरण बन्नेछ । शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ । वैदेशिक कार्य अघि बढ्नेछ । मेहनतीहरूका लागि दिन फलदायी रहनेछ ।

**कर्कट - CANCER**
हि,हु,हे,हो,डा,डि,डु,डे,डो
आज कुनै कुराले मन प्रसन्न रहनेछ । रोकिएको काम दोहोर्याएर गर्दा फाइदा हुनेछ । समाजसेवामा मन लाग्नेछ । विशिष्ट व्यक्तिको साथ पाइनेछ ।

**सिंह - LEO**
मा,मि,मु,मे,मो,टा,टि,टु,टे
दबाब र तनाव बढेको महसुस हुनेछ । ताके अनुरूप काम नबन्नाले दिक्क लाग्नेछ । जिद्दीपनाले गर्दा काम बिग्रने डर छ, तर आफन्तको साथ पाइनेछ ।

**कन्या - VIRGO**
टो,प,पि,पु,ष,ण,ठ,पे,पो
आज एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ । व्यापारमा मनग्ये धनलाभ हुनेछ । शुभकार्यको चर्चा चल्नेछ । भूमिबाट पनि लाभ रहला ।

**तुला - LIBRA**
र,रि,रु,रे,रो,ता,ति,तु,ते
नयाँ व्यक्ति सँग भेटघाट हुनेछ । रोकिएको धन हात पर्ला । सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ ।

**वृश्चिक - SCORPIO**
तो,ना,नि,नु,ने,नो,या,यि,यु
रोकिएका काम पुनः सुरु हुन सक्छन् । श्रमको उचित मूल्याङ्कन हुनेछ । व्यवसायको सन्दर्भमा आदर्श व्यक्तित्व सँगको सहकार्यले नयाँ अनुभव मिल्नेछ ।

**धनु- SAGITTARIUS**
ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
आज अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला । अनावश्यक यात्रा रहला, तर मित्रबाट साथ र लाभ मिल्नेछ साथै सन्तान सुख पनि मिल्नेछ ।

**मकर - CAPRICORN**
भो,ज,जि,खि,खु,खे,खो,गा,गि
शुभकार्यको चर्चा चल्नेछ । छोटो दुरीको लाभदायक यात्रा रहला । एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ । आस मारेको काम बन्न सक्छ ।

**कुम्भ - AQUARIUS**
गु,गे,गो,सा,सि,सु,से,सो,द
आज रचनात्मक काममा जुट्ने समय छ । विपरीत वर्ग प्रति आकर्षण बढ्नेछ । वैदेशिक क्षेत्रको काम अघि बढ्नेछ । प्रेम सम्बन्ध पनि कसिलो होला ।

**मीन - PISCES**
दि,दु,थ,झ,ञ,दे,दो,च,चि
आज पारिवारिक साथ, जमघट र समर्थन पाइएला । विद्या र बुद्धिको विकास हुनेछ । आफ्नो परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइएला ।

# सिरहामा अझै सुरुहुन सकेन मतगणणा




मधेशदृष्टि
सिराहा, मंसिर ५ गते

सिराहामा समपन्न प्रतिनिधि तथा प्रदेशसभा निर्वाचनमा मत गणणाको विषयमा सहमति हुन नसकेपटि मतगणणा सूरु हुन सकेको छैन। निर्वाचन निर्देशिका अनुसार फरक फरक वुथको मत एकैठाउँ मिसाएर गन्नु पर्ने र दलिय प्रतिनिधीहरुले वडा अनुसार गन्नना गनुन नसकेको हो। आज १० बजे बोलाइएको सर्वदलीय बठैकमा अचारसंहीता बिषयमा टुङ्गो लागन नसक्दा मतगणना शुरु हुन सकेका छैनन्।

प्रतिनिधी सभाका ४ र प्रदेश सभाका ८ निर्वाचन क्षेत्र रहेपनि कतै मत गणणा सुरु भएको छैन्।

क्षेत्र नम्वर १ मा मत वडा अनुसारै मत गणणा गर्ने सहमति नजिक पुगेको प्रदेश 'क' का नेपाली काँग्रेसका उम्मेदवार सुनिल महतोले जानकारी दिए।

सिरहामा सम्पन्न प्रदेश तथा प्रतिनिधीसभा निर्वाचनमा ६२ प्रतिशतभन्दा बढी मतदान भएको छ। जिल्लाको २२१ मतदान स्थल र ५०५ मतदान केन्द्रहरुबाट ६२ प्रतिशतभन्दा बढी मतदान भएको जिल्ला निर्वाचन कार्यालयले सिरहाले जनाएको छ।

जिल्ला निर्वाचन कार्यालय सिरहाका सूचना अधिकारी गनपैत यादवका अनुसार अहिलेसम्म प्राप्त मतदानकेन्द्रहरुको मत परिणाम अनुसार कम्तिमा ६२ र बढीमा ७५ प्रतिशतसम्म मतदान भएको पाइएको छ।

जिल्लाका सवैमतदान स्थलहरुमा शान्तिपूर्णरुपमा मतदान समपन्न भएपनी दलिय प्रतिनिधिको विवादका कारण मत गणना सुरु हुन सकेको छैनन् । निर्वाचन समपन्न पश्चात् सवै मत पेटिकाहरु मतगणणास्थलसम्म पुर्याएर भोली १० बजे सर्वदलीय बैठक बसेर मात्र मत गन्ने भनिए पनि हाल सम्म मतगणना सुरु हुन सकेका छैनन् ।

सिरहाको सबै क्षेत्रमा अहिले सर्वदलीय बैठक बसेको र छलफल पश्चात् केहिबेरमै मतगणना सुरुहुने निर्वाचन कार्यलयले जनाएको छ।

जिल्लाको क्षेत्र नम्वर १ को मतगणणा लहानस्थित दुलिचन अतिथी सदन, क्षेत्र नम्वर २ को धनगढीमाई नगरपालिकाको प्रशासकिय भनव, क्षेत्र नम्वर ३ को चन्द्र माध्यमिक विद्यालय सिरहा र क्षेत्र नम्वर ४ को मतगणणा मिर्चैयास्थित मोहन माध्यमिक विद्यालयमा हुने मूख्य निर्वाचन अधिकृत राईले जानकारी दिए।

जिल्लामा प्रतिनिधिसभाका ४ र प्रदेश सभा ८ क्षेत्रहरु रहेको छ। जिल्लामा २ लाख २४ हजार ९९ पूरुष, १ लाख ९८ हजार ६११ महिला र २ अन्य मतदाता सहित जम्मा ४ लाख २२ हजार ७१


# मतदानमा देखिएन उत्साह, नेता प्रतीको बितृष्णा

मुकेश कुमार साह
रौतहट, मंसिर ५ गते

मंसिर ५ रौतहटमा गएको स्थानिय तहको भन्दा निकै कम मत खसेको छ । स्थानिय तहको चुनावमा झण्डै ८० प्रतिशत मत खसेको रौतहटमा प्रतिनिधि र प्रदेशसभाको लागी करिव ६५ प्रतिशत मात्र मतदान भएको जिल्ला निर्वाचन कार्यलय रौतहटका प्रमुख छोटेलाल दासले जानकारी दिए । २ सय ७६ स्थायी र दुई अस्थायी मतदान स्थल र ५ सय २३ मतदान केन्द्र रहेको यहाँ छिटपुट घटना बाहेक चुनाव शान्तीपुर्वक सम्पन्न भएको उनले जनाए ।

स्थानीय तहको चुनाबमा भन्दा रौतहटका मतदाताहरुमा कम उत्साह देखिएको स्थानीय बताउँछन्। स्थानीय तहको चुनाबमा आफ्ना गाउँ भन्दा बाहिर रहेका मतदाताहरु पनि आउने गरेका थिए । तर, अहिले बाहिरबाट आउने मतदाताहरु निकै कम देखिएको उनीहरुको कथन छ ।

पहिलेका चुनाबमा मतदान केन्द्रमा निकै भीड हुने गरेको भएपनि अहिलेको चुनाबमा फुर्सदमा मान्छेहरु आउने र मतदान गरेर सजिलै जाने गरेको देखिएको थियो । घरमै रहेका केही मतदाता पनि भोट हाल्नमा उत्साहित नदेखिँदा विगतका निर्वाचन जस्तो मतदान केन्द्रमा भिडभाड थिएन। स्थानीय निर्वाचनमा लाईनमै बसेर मतदान गरेका मतदाताले यस चुनावमा सजिलै मत हाल्न पाएको अनुभव सुनाउँछन् ।




राजनीतिक पार्टीहरुप्रतिको अविश्वास र मंसिरमा धान थन्क्याउंने चटारोका कारण पनि मतदाता उत्साहित नदेखिएको गढिमाई नगरपालिका-४ का मतदाता रामबाबु साहले बताए । धेरै मानिस भोट हाल्न नगई खेतमा धान काटेर समय बिताएको देखिएको उनले सुनाए । चुनाव जितेर जनप्रतिनिधिले जनाएका प्रतिबद्धता कागजमामात्र सिमित भएपछि मतदातामा रौनक नदेखिएको समेत उनको भनाई छ ।

“नेता सबै उस्तै हुन्, दल पनि त्यस्तै छन्, चुनावका बेला आउँछन, जितेर जान्छन्, उनीहरूकै नजिकका र आसेपासेलेमात्र सुविधा लिन्छन्, क्षेत्रको विकासमा ध्यान दिँदैनन्” उनले भने । नेताहरु आफ्नो दुनो सोझ्याउने र कार्यकर्ता भरणपोषणमै सीमित रहेकाले मतदातामा उत्साह नदेखिएको हुनसक्ने उनी बताउँछन ।

स्थानीय तहको निर्वाचनमा उम्मेदवारको संख्या ठुलो हुने भएका कारण मतदाता संख्या बढी हुने गरेको स्थानिय बुद्धिजीवी उदय रिजाल बताउँछन । प्रत्येक ब्यक्तीको प्रत्यक्ष जनजिविकासंग स्थानिय तहले सरोकार राख्ने भएकोले मतदाता संख्या बढ्ने गरेको उनको ठहर छ । 'यो निर्वाचनमा उम्मेदवार कम थिए', रिजालले भने,'उम्मेदवार कम भएका कारण दल र जनता दुवैमा उत्साह देखिएन ।' यस स्थानका धेरै व्यक्तिहरु रोजगार तथा अन्य प्रयोजनको लागि बाहिर रहेकाले पनि तत्काल फर्किन नसकेका कारण मत घटेको हुन सक्ने उनको बुझाई छ । भर्खरै सकिएको चाडपर्वमा आएका व्यक्तिहरु लामो समय घरमै रही फर्किएको हुनाले नजिकै भएको निर्वाचनमा अन्यन्त्रबाट मतदान गर्न आउँने मतदाताको संख्यामा कमि आएको उनीको धारणा छ ।

यही चुनाव केहि समय पछि भएको भए मतदाताको संख्यामा वृद्धि हुनसक्ने उनको अनुमान छ। सहरका मतदाता सचेत देखिएपनि गाऊका मतदातामा अझै सचेतनाको अभाव देखिएको गुजरा-३ का समाजसेवी ईश्वर प्रधान (तुला) बताउँछन ।

मतदातालाई प्रलोभनमा पार्न नेताहरुले निर्बाचनको आचारसहिंता उल्लंघन गरि प्रचारप्रसार गर्ने र रातभरी माछा,मासु र पैसा बाड्नाले मतदातामा अन्यौलता बढने गरेको उनी बताउँछन् । क्षणीक एवम् स-साना लाभको आकर्षणमा निरन्तर अयोग्य र भ्रष्टहरूलाई जिताउन उद्यत हुने मतदातामा विवेकको कमी देखिएको उनको ठम्याई छ । क्षेत्रमा अशिक्षा तथा चेतनाको कमिको कारणले गर्दा पनि यस्तो गलत प्रवृतीहरु हावी हुदैं गइरहेको उनी बताउँछन । एउटा योग्य ,सक्षम,इमान्दार ब्यक्ति यस्तो गलत प्रवृत्तिको कारण सधै ओझेलमा पर्ने कहिल्यै अगाडी बढ्ने अवसर नमिल्ने देखिन्छ । यस्ता गलत प्रबृतिहरु नरोकिए,नसच्चिए देशमा बिकृति,भष्टचारले जरा गाडने निस्चित देखिन्छ। उनी भन्छन् ।

कार्यकर्ताहरू दलको आदर्शको प्रवर्द्धन र असल उम्मेदवारलाई सघाउन स्वस्फूर्त परिचालन हुन छोडेकोले पनी यस्तो प्रवृती देखिएको उनि थप्छन उनी । राज्यले यस्तो गलत प्रणाली अबिलम्ब रोक्नुपर्ने उनी तर्क गर्छन ।

# सर्लाहीको क्षेत्र- २, ३ र ४ मा मतगणना सुरु १ को तयारी हुँदै

घनश्याम बलम्पाकी
सर्लाही, मंसिर ५

सर्लाहीको क्षेत्र-२, ३ र ४ मा प्रतिनिधि तथा प्रदेशसभा निर्वाचनको मतगणना सुरु भएको छ । क्षेत्र-१ मा भने उम्मेदवारका प्रतिनिधि मतगणना स्थलमा प्रवेश गरिरहेको छ । मुख्य निर्वाचन अधिकृतको कार्यालयले दिएको जानकारी अनुसार क्षेत्र-२ को जिल्ला समन्वय समितिको सभा हल क्षेत्र ३ को हरिवन-९ स्थित मालपोत कार्यालयको नयाँ भवन तथा क्षेत्र-४ को गोडैता स्थित बेणी भोला माविमा मतगणना सुरु भएको हो । क्षेत्र १ को लालबन्दी नगरपालिकाको पुरानो भवनमा उम्मेदवार प्रतिनिधि मतगणना स्थलमाप्रवेश गरिरहेको निर्वाचन कार्यालयले जनाएको छ ।

कार्यालयका अनुसार प्रतिनिधि आउन ढिलाई भएकाकारण मतगणना सुरु गर्न केही ढिलाई भएको हो ।



# हमर बात



**सुरेन्द्र सापकोटा (सुरेन)**
चन्द्रपुर-४

हरेक ५/५ वर्षमा हुने आवधिक निर्वाचन समयसंगै राजनितिक शक्ति हेरफेर हुने सिस्टम हो । त्यसै सिस्टमको तालिका भित्र मंसिर ४ गते संम्पन्न आम निर्वाचन २०७९ पनि समय अनुसार राजनितिक परिवर्तनको प्रारुप हो भन्ने मेरो बुझाई छ ।

२०४६ को परिवर्तन पछि सत्ता वरिपरि रहेका राजनितिक दल र तिनका नेतृत्व हालसंम्म पनि एउटै वा उस्तै रहनु र उनीहरुद्वारा संचालित राज्य सत्ताले देश र नागरिकबारे चिन्ता र चासो नदेखाउनु, सत्तालाई मात्र केन्द्रमा राख्नु अहिलेको प्रमुख समस्या हो ।

शीर्ष नेताहरुले आजसंम्म राज्यले दिने दैनिक सेवा प्राशासन कसरी ब्यबस्थित गर्न सकिन्छ, नागरिकको आर्थिक अवस्था कसरी उकास्न सकिन्छ, सामाजिक चेतनाको विकाससंगै, भौतिक निर्माण बिकास कसरी गर्न सकिन्छ, कृषि पर्यटन र निर्यात मुखी व्यापार कसरी फस्टाउन सकिन्छ भनेर एकै टेबलमा बसेर छलफल गरेको देखिदैंन । राजनीतिक दलहरुले यूवा हरुलाई उपेक्षा गरेकोले निर्वाचनमा जनसहभागिता न्यून भएको मेरो बुझाई छ ।

निर्वाचनको प्रारम्भिक परिणाम हेर्दा शिक्षित जागरुक यूवा प्रतीको विश्वास र पुराना दल र नेतृत्व प्रतीको बितृष्णाको कारण नयाँ राजनितिक शक्ति स्थापित हुने देखिन्छ । आम निर्वाचन २०७९ पुराना राजनितिक दलहका लागी अन्तिम मौका हो । देशभरीको प्रारम्भिक परिणाम हेर्दा हाम्रो क्षेत्रको निर्वाचन परिणाम पनि अनपेक्षित नै देखिन्छ । प्रत्यक्ष निर्वाचनमा सहभागी भएका मुख्यदलका उम्मेदवारहरु पनि जोशिला यूवा हरुनै भएका कारण परिणाम पुरानै दलको पोल्टामा जाने देखिए पनि समानुपातिक मत परिणाम परिवर्तनको पक्षमा देखिने अनुमान छ



**विवेक शर्मा**
गरुडा-३

सम्पन्न चुनावलाई म एक उत्सवको रुपमा लिएको छु । किन कि यो निर्वाचनले नेपालको लोकतान्त्रिक प्रकियालाई मजबुत बनाउनुको साथै यसको सौन्दर्यतालाई बचाउन मद्दत गरेको छ । मैले यस निर्वाचनमा युवाको सहभागितालाई सकारात्मक रुपमा लिएको छु । विगत १० वर्ष देखि नेपालको मुल राजनीतिमा युवा आउनु पर्छ भन्ने स्व.उज्ज्वल थापाले सुरुवात गर्नु भयो । तर यस पटक वहाँको सपना धेरै ठाउँबाट पुरा हुने छ । नेपाललाई एक उन्नत र समृद्ध नेपाल बनाउनको लागि मुल राजनितिमा युवालाई आउनु जरुरी छ । यसपटक धेरै ठाउँहरुमा युवा जित्नु पनि हुन्छ र कुनै कुनै ठाउँमा चेक पोईन्टको काम पनि गर्नु हुन्छ । अहिले पहिला भन्दा न्युन मतदाताको उपस्तिथि हुनु यो दु:खद कुरा हो । निर्वाचन एक त्यस्तो प्रकृया हो जसमा आफ्नो गोप्य मताधिकारको प्रयोग गरी देशलाई अगामी दिनमा कुन दिशामा मोड्ने हो त्यो छुट्याउने गर्छ । त्सैले मतदाताको उपस्थित न्युन हुनु चिन्ताजनक विषय हो । यसपटक धेरै क्षेत्रमा नयाँ अनुहार देख...



**निरन्जन पुरी**
गुजरा-४

रौतहट क्षेत्र नम्वर ३ मा प्रतिनिधि तथा प्रदेश सभा सदस्य निर्वाचन सम्पन्न हुँदै गर्दा यस वर्ष पहिलाको तुलना गर्ने हो भने खासै उत्साहजनक जनसहभागिता भएको देखिन्न। मतदाता पनि अन्योलमा निर्वाचनमा भाग लिएको देखियो। मतदानको हिसावले यस निर्वाचनमा रौतहट क्षेत्र नम्वर ३ मा मुस्किलले ६५ प्रतिशत मत खस्नाले पनि मतदातामा कुनै नयाँ परिवर्तनको सोच उजागर हुनसक्ने देखिएन ।

वर्षेनी लाखौं लाख युवा वैदेशिक रोजगारीको लागि बिदेशिन बाध्य भएसँगै यस निर्वाचन क्षेत्र नम्वर ३ रौटमा युवाहरुको सहभागिता न्युन देखियो। रौतहट क्षेत्र नम्वर ३ को अहिलेको अवस्था हेर्दा पछि हुने निर्वाचनमा युवाहरुको सहभागिता १५/२० प्रतिशतमा सिमित रहने सहजै अनुमान लगाउन सकिन्छ। निर्वाचन पनि खर्चिलो हुँदै गइरहेको अवस्थामा आम सर्वसाधारणबाट नेतृत्व गर्ने अवस्था एकदमै असहज देखिन्छ। जनताको अपेक्षा र आशा विपरित भइरहेका गतिविधिले आम सर्वसाधरण चिन्तित छन् ।

खर्चिलो निर्वाचनले गर्दा बिकास निर्माणको कार्य शैक्षिक क्षेत्र ,स्वास्थ्य क्षेत्र तथा समग्र क्षेत्रमा उल्लेखनीय सुधार हुन सत्तैन । देशमा व्याप्त भ्रष्टाचार मौलाईरहेको प्रष्ट देखिन्छ। त्यसैले यो निर्वाचन प्रणाली नै परिबर्तन गर्न...



**अनिमेश कुमार मिश्र**
गौर, रौतहट

निर्वाचन २०७९ रौतहट जिल्लाको एतिहासिक दृष्टान्तमा हालसम्मको शान्तिपूर्ण चुनाब रहेको देखियो। हर्ष उल्लासको साथ महिला तथा युवाको उत्कर्ष सहभागिता पनि पाईयो । स्थानीय चुनाव भन्दा कम उम्मेदवार भएको कारण सहकार्य तथा बुझ-बुझाई गर्ने कमि हुदाँ मतदाताको सहभागिता पनि कम भएको हो। शारीरिक तवरमा दुर्वल तथा कमजोरहरुका लागि धेरै जसो मत...



**दिनेश घिमिरे**
चन्द्रपुर -६

बिगतको चुनाव भन्दा यसपालीको चुनाव अलिक पृथक रह्यो जस्तो लाग्यो मेरो विचारमा । विगतको चुनावमा भन्दा, प्रतिशतको आधारमा झरेको मत संख्या पनि कमै देखियो । सामान्यतया मतसंख्या तल झर्नु भनेको नेताहरुको काम गराई प्रतीको बितृष्णा जाग्नु र अविश्वाश जाग्नु लाई नै लिएको छु मैले । राज्य सञ्चालनको निम्ति संविधानमा हरेक ५-५ वर्षमा जनमत लिन निर्वाचन गरेता पनि नेताहरुले जनता सामु गरेका ठूला ठूला बाचा त छोडौ जीवन निर्वाहको निम्ति सामान्य अत्यावश्यक कुराहरू पनि पुरा नगर्ने र सधै सत्ताको निम्ति लुछाचुडी गर्दै आफ्नो सेवा सुविधा लिन सारा करको भार जनता माथि थोपर्ने जस्ता नियतले हामी आम नागरिकको यी दल र नेताहरु प्रति वितृष्णा छाएको हो । यसपाली युवाहरुको सहभागिता ब्यापकरुप मै देखियो मतदान केन्द्रहरुमा । तर जुन मत प्रतिशतको आधारमा विगत भन्दा कम खस्यो त्यसलेगर्दा बृद्द-बृद्धाको सहभागिता बिगत भन्दा कम रहेको मैले अनुमान गरेको छ । यो भनेको नेताहरु प्रतिको अविश्वाश हो ।

## सम्पादकीय

# न्यून मत, मौन असन्तोष

प्रतिनिधिसभा, प्रदेशसभा निर्वाचन सम्पन्न भएर मतगणनाको क्रम जारी छ । मंसिर ४ को निर्वाचन समग्रमा शान्तिपूर्ण सम्पन्न भएको छ । २०७२मा संघीय लोकतान्त्रिक संविधान लागु भएपछिको दोश्रो आम निर्वाचन सम्पन्न हुनु सुखद कुरा हो । लोकतन्त्रमा आवधिक निर्वाचनहरुको अधिक महत्व रहन्छ । जनताले आफ्ना प्रतिनिधि चुन्ने यो अवसरलाई लोकतान्त्रिक राज्य व्यवस्थामा उच्च महत्व दिइन्छ। नेपालमा पनि राजनीतिक दल, स्वतन्त्र उम्मेदवारहरु सक्रिय रुपमा चुनावमा संलग्न भए, मतदान भयो जनताले आफ्नो मत दिए । जनताले कसलाई कती मत दिए, को को विजयी हुने हुन् को कसरी पराजित हुने हुन २,४ दिनमा स्पष्ट हुँदै जान्छ । अहिलेको आम चासो भनेको कसले कति मत पाइरहेका छन्, कोको अगाडी छन्, आदी इत्दादी।

तर, निर्वाचनले जनताको अभिमतमात्र होइन मन भित्रको सन्देश पनि दिएको छ । निर्वाचनमा जनताको सहभागिता कस्तो रह्यो त ?अहिलेको चासोको विषय यहीँ हो । पहिलो केन्द्रीय, प्रदेश स्तरका कुनै पनि सरकारले जनता खुसी पार्ने काम गरेका थिएनन् । आश्वासन बाड्ने, अपेक्षा जगाउने तर काम नगर्ने एउटा पाटो हो । तर, व्यवहारमा सत्तामा पुगेकाहरुले राज्यकोषको दुरुपयोग गरेको, भष्ट्रचारका लिप्त भएको,नातागोता र आफन्तहरुबीच अवसरहरु बाँडेको जस्ता आरोप प्रशस्त लाग्यो । एक किसिमको वितृष्णा थियो, राजनीति गर्नेहरु प्रति । यस बाहेक दलहरु गठबन्धनको नाममा मत माग्न आए । सत्ता स्वार्थबाट प्रेरित भएका गठबन्धन गरिएको भेद थाहा पाएका जनताले प्रतिक्रिया स्वरुप गठबन्धका नेताहरुको आदेश अनुसार कतिपयले भोट दिएनन् सायद । निर्वाचनका अन्तिम परिणामले स्पष्ट गर्दै जानेछ, जनताको अभिमत कसरी कता गयो भनेर । राजनीतिक आदर्श, निष्टा, पार्टीको निश्चित उदेश्यका मानिस कुनै दलमा लागेका हुन्छन् । फरक फरक राजनीतिक पार्टीमा आवद्ध कतिपयले भोट हाल्ने विकल्प पाएनन् । युवा पुस्तालाई राजनीतिले आकर्षित गरिरहेको छैन, युवाहरु पनि धेरैले अल्छि गरे, मतदाता बन्न र मत हाल्न दुबै मामलामा ।

राष्टिय आँकडा तुलना गर्ने हो भने २०४८ पछिको यो सातौं निर्वाचन हो । २०४८ मा करिव ६५ प्रतिशत मतदान भएको थियो । तर, त्यसपछिको मध्यावधी निर्वाचनमा करिव ६२ प्रतिशतमात्र मत खस्यो । २०५६ मा बढेर करिव ६६ प्रतिशत मतदान भयो भने २०६४ मा घटेर करिव ६२ प्रतिशत रह्यो । पहिलो संविधानसभा निर्वाचनमा ६२ प्रतिशतले भाग लिएका थिए भने दोश्रो संविधानसभा निर्वाचनमा अहिलेसम्मकै सबै भन्दा बढी करिव ७८ प्रतिशत मतदान भएको थियो ।त्यस्तै संघीय लोकतान्त्रिक गणतन्त्र अर्न्तगतको पहिलो आम निर्वाचनमा करिव ७० प्रतिशत मतदान भएकोमा दोश्रो आम निर्वाचनमा ६१ प्रतिशतमामात्र झरेको प्रारम्भिक आँकडा देखाउँदै छ निर्वाचन आयोग । अर्थात यसपटक अघिल्लो चुनाव भन्दा करिव ९ प्रतिशत कम मतदान भयो ।

मतदाता देखिएको विचलनको कारणहरु छन् । जनअपेक्षा अनुसार काम भएनन् । अब बल निर्वाचित भएर आउँनेको हातमा छ । राजनीति प्रति वितृष्णा जागेको जमात, राजनीति प्रति कुनै चासोनै नराख्ने जमात खासमा करिव ३९ प्रतिशत अहिलेको अभिमतमा छैनन् । नयाँ सरकार र संसद आम नेपालीको हुन सकोस । यसका लागि धेरै केही गर्नुपर्देन,निर्वाचित भएकाहरुले इमान्दारीका साथ जिम्मेवारी निर्वाह गरे पुग्दछ । निराशालाई आशामा बद्ल्ने जिम्मेवारी हो नव निर्वाचितहरुको ।

# ठूला दलसँग रिसाए मतदाता, विकल्पको बाटो खोज्दै, मत हाल्न जाने नै घटे

*देशैभरको मतदानको प्रवृत्ति र मतदाताको उत्साह हेर्दा मतदाताहरू पुराना र ठूला भनिएका संस्थापन पक्षीय दलहरूसँग रुष्ट भएको देखिन्छ। तीसौं वर्षदेखि राज्यसत्तामा हालिमुहाली गरिरहेका नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र जस्ता दलहरूसँग उनीहरूको अनेकन गुनासा देखिए। मूलतः ती दलका नेतृत्वप्रति उनीहरूको मनभरिका गुनासा छन्।*



- राजन कुईंकेल

नेपाली जनता स्वभावैले विद्रोही र प्रजातन्त्रप्रति लगाव राख्ने खालका भए पनि प्रजातन्त्रकै नाममा लामो समयदेखि पार्टी र राज्यसत्तामा राज गरिरहेका दलका नेतृत्व तहको रवैयाप्रति उनीहरूको आक्रोश छ। देशैभरका मतदाता विकल्पको खोजीमा छन् तर उपयुक्त रोजाइ फेला नपर्दा दोधारमा देखिन्छन्। ठूला दलप्रति आक्रोश छ तर नयाँ भनेर आएकाहरू प्रति भरोसा जनाउन सकेका छैनन्। यो यस पटक मात्र होइन, अघिल्ला निर्वाचनहरूमा पनि देखिएको हो।

२०४६ सालको बहुदलीय व्यवस्था पुनर्बहालीपछि सत्ताको चाबी बोकेका नेपाली कांग्रेस र एमालेले दुरुपयोग गर्दा त्यसको प्रहार व्यवस्था मै पर्यो। परिणाम दुई चरमपन्थी चलमलाए र मुलुक नराम्ररी हिंसाको दलदलमा फस्यो ।

एकातिर सक्रिय राजतन्त्रको जिजीविषा पालेर बसेकाहरू राजावादी र अर्कातिर मध्यमार्ग संसदीय व्यवस्थाको अन्त्य नगर्दासम्म आफ्नो भविष्य नदेखेका चरम हिंसावादी माओवादीहरू आआफ्ना स्थानबाट जुर्मुराउन थाले।


ती दुबै अतिवादी धारलाई स्थान दिने कुकर्म संसदबाट परिवर्तन गर्नसकिन्छ भन्ने विश्वास बोकेको कांग्रेस र रणनीतिक प्रयोगस्थल मान्ने एमालेका नेताहरूले गरे। फलतः बहुदलीय प्रजातन्त्र अन्तर्गत संवैधानिक राजतन्त्र स्वीकारेर बसेका राजा वीरेन्द्रको वंशनाश सम्मको नियति मुलुकले भोग्यो भने सक्रिय राजतन्त्रको सपना देख्ने ज्ञानेन्द्र शाहहरू सत्तामा उक्लिए ।

अर्कातिर बेरोजगारी र गरीबीको दुष्चक्रमा पिल्सिएको समाजका युवालाई विद्रोहको आगो झोसेर सशस्त्र हिंसाको रक्तरञ्जित नगरा मच्चाइरहेको माओवादी निर्णायक बिन्दूमा आइपुग्यो।

हजारौँको शवको पहाड उक्लेर र रगतको खोलो तरेर राजधानी काठमाडौं ताकिरहेको माओवादीसँग हात मिलाएर आफ्नो कुर्सी बचाउने खेलमा राजा र संसदीय राजनीतिका खेलाडीहरू लागे। यही मौकामा माओवादीलाई रणनीतिक उपयोगका लागि मैदान दिइरहेका छिमेकीले पनि मध्यस्थता गरिदिए। परिणाम माओवादी र संसदीय दलहरू एक मोर्चा र राजावादीहरू अर्को मोर्चामा देखिँदा मुलुकबाट राजतन्त्रको अन्त्य भयो र गणतन्त्रको स्थापना गरियो ।

तर गणतन्त्र स्थापनापछि राज्य सञ्चालनको नेतृत्व लिने दलका नेतागण र राज्य संयन्त्रमा रहेकाहरू गैरजिम्मेवार र मनपरीमा मस्त रहे। निरंकुश भनिएको पञ्चायत, सामन्ती भनिएका राजा र भ्रष्ट करार उक्त व्यवस्थाभन्दा बढी यिनले चलाएको व्यवस्था निरंकुश, अप्रजातान्त्रिक र भ्रष्ट देखियो। जसको प्रत्यक्ष असर देश र जनताको जीवनमा देखिन थाल्यो। मुलुक राष्ट्रिय, अन्तर्राष्ट्रिय मोर्चाहरूमा कमजोर प्रतीत हुँदा जनता बेरोजगारी र गरीबीको भट्टीमा पिल्सिन बाध्य भए।

आन्तरिक घरेलु मामिलामा वैदेशिक हस्तक्षेप बढ्दा बेरोजगार युवा खाडी, मलेशिया र कोरियामा रगत र पसिना बेच्न बाध्य पारिए। पद्धतिको विकास र संस्थाको सुदृढीकरण गरेर प्रजातन्त्र बलियो पार्नुभन्दा राज्यको ढुकुटी दोहन गरेर व्यक्ति मोटाउने क्रम अचाक्ली भयो। परिणाम, संघीय गणतन्त्रमा गएपछि गरिएको दोस्रो निर्वाचन पुग्दा नपुग्दै मतदाता निराश देखिए। तीसौं वर्षदेखि पार्टी सत्ता कब्जा गरेर बसेका भ्रष्ट र उत्तरदायित्वविहीन नेतृत्वप्रतिको रिसको राँको मतदाताले कहिले स्थानीय निकायमा स्वतन्त्र जिताएर त कहिले संसदीय निर्वाचनमा घण्टी बजाएर र लौरो समाएर गर्न बाध्य भए। यो सबै प्रजातन्त्र र गणतन्त्रका लागि यति योगदान गरे भन्ने तर व्यवहारमा पटक्कै सुध्रन नचाहने दलका नेताहरूको प्रवृत्तिले ल्याएको हो।



कति खस्यो मत, कुन निर्वाचनमा कति ?

मतदाताको संख्या बढ्दा पनि करिब ६० प्रतिशत मात्र मत खस्नु राज्य सञ्चालकहरू प्रतिको वितृष्णा कै रुपमा व्याख्या विश्लेषण गर्न मिल्छ नै। यसपटक अघिल्ला निर्वाचनहरूमा भन्दा कम मत खस्ने आँकलन त मतदातामा नदेखिएको उत्साहले संकेत गरेको थियो। अझ विचारविहीन, फगत सत्ताको भर्याङ चढ्ने एकसूत्रीय अभियानमा निर्माण गरिएको वैचारिक भ्रष्टताको गठबन्धनहरूका कारण पनि मतदातामा निराशा देखिएको थियो। त्यसैको परिणाम कूल मतदाता बढेका बेला पनि मत भने कम खस्यो। दशौँ लाख युवा नयाँ मतदाताका रुपमा आउँदा पनि उनीहरूलाई मत केन्द्रसम्म तान्न सकेन।

२००७ सालमा प्रजातन्त्र आएयताको ७२ वर्षमा अहिले समेत जम्मा सात पटक संसदीय निर्वाचन भएका छन्। जसमा दुई पटकको संविधान सभा निर्वाचन पनि जोडिन्छ। २०६४ र २०७० को संविधान सभा निर्वाचनबाहेक २०१५, २०४८, २०५१, २०५६ र २०७४ साल गरी जम्मा पाँच पटक जनताले आफ्ना जनप्रतिनिधि आफैले चुनेका हुन्।

यसअघि भएका निर्वाचनमा कति प्रतिशत मत खसेको थियो हेरौं।

१. पहिलो आम निर्वाचन २०१५ मा जम्मा ४२.१८५ प्रतिशत,

२. २०४६ मा भएको प्रजातन्त्र पुनर्बहालीपछि २०४८ मा गरिएको आमनिर्वाचनमा ६५.१५ प्रतिशत,

३. २०५६ मा सम्पन्न निर्वाचनमा मतदान गर्ने मतदाताको यो प्रतिशत ६५.७९,

४. २०६४ सालमा भएको संविधान सभाको पहिलो निर्वाचनमा कूल मतदाताको ६१.७० प्रतिशत,

४. दोस्रो संविधान सभाको निर्वाचन २०७० मा ७८.७४ प्रतिशत,

५. २०७४ मा गरिएको आमनिर्वाचनमा दोस्रो संविधान सभाको तुलनामा १० प्रतिशतले कमी ६८.६६७ प्रतिशत,

६. गत बैशाखमा सम्पन्न स्थानीय तह निर्वाचनमा भने अघिल्लो निर्वाचनभन्दा करिब तीन प्रतिशत कमी अर्थात् कूल मतदाताको ६५.०७४ प्रतिशत।

यस पटक भने पाँच वर्षअघि सम्पन्न निर्वाचनभन्दा झण्डै ९ प्रतिशत कम मतदाताले मत दिनु वर्तमान राज्य सञ्चालक र पद्धतीले मतदातालाई आकर्षण गर्न नसक्नुलाई नै मूल कारण मान्न सकिन्छ। जसमा दलका नेतृत्वको रवैया, तीसौं वर्षसम्म वर्तमानमा मूलधारका दलहरूले लिएको नीति र त्यसले दिन नसकेको 'डेलिभरी' (अर्थात् सफलता), एकै व्यक्ति र नेतृत्व तीसौं वर्षसम्म झुण्डेर रहने प्रवृत्ति, नयाँ विचार र सोच भएकालाई निषेधीकरण, लाखौं सूचीकृत मतदाता बेरोजगारीका कारण विवशतावश विदेश पलायन हुनु जस्ता कारण जोडिएका पक्कै छन्।

## फिचर

# संस्कृतिसँग अनौपचारिक अर्थतन्त्रको सम्बन्ध

- कृष्णलाल कर्ण

विश्व सांस्कृतिक विविधताले सिँगारिएको छ। कुनै एकल जाति, धर्म भाषा र संस्कृति भएको मुलक विश्वमा शायद कमै होला। प्रायःजसो मुलुकमा बहुजाति, बहुभाषी र बहुसंस्कृति भएका समुदायको मावनवस्ती भएको पाइन्छ। त्यस्तै बसोबास रहेको एउटा देश नेपाल पनि हो। यो हिमालको काखमा अवस्थित नेपालको आफ्नै इतिहास छ। प्राचीनकालदेखि नै 'चार वर्ण, छत्तीस जातको साझा फूलवारी' अर्थात् विविधताबीच एकताको सुत्रमा बाँधिएका बहुसांस्कृतिक समुदाय रहेको सुन्दर देश हो।

संस्कृति सामाजिक संस्थाको अंग हो, जसले समाज निर्माणको एउटा तत्वका रूपमा भूमिका निर्वाह गरेको हुन्छ। यो परिर्वतनशील भएकाले यसले समयनुसार निश्चित स्वरूप पनि धारण गर्छ।

मानव सभ्यता र संस्कृतिमाथि गरिएको अध्ययन र खोज अनुसार पनि समाज र संस्कृतिको विकास साधारणबाट जटिलतर्फ क्रमिकरूपमा उन्मुख तहहरू पार गर्दै जान्छ भनेर समाजशास्त्रीहरूले औंल्याएका छन्। वास्तवमा शताब्दी पिच्छे एक खास समाजमा देखासिकी संस्कृतिका केही अंग सर्दै अर्को समाज विकासको अंगका रूपमा स्थापित भएको देखिन्छ।

विभिन्न धार्मिक ग्रन्थहरूमा भएका विचार हरूले पनि समाज र संस्कृतिको विकासमा महत्वपूर्ण योग्दान पुर्याएका छन्। संस्कृति भित्र पनि सा-साना संरचनाहरू छन्, धर्म, वर्ग, जातजातिका संस्थाहरू यसका उदाहरण हुन्। जसको मूल्य मन्यता अनुसार समुदायले आ-आफ्ना सांस्कृतिक तथा परम्परागत रीतिरिवाज अनुसार धार्मिक, वैवाहिक, पूजाआजा लगायतका कार्यहरू गर्दछन्। जुन सामजिक, आर्थिक र राजनीतिक संरचनाको बलियो आधार हुने गर्दछ।


### संस्कृतिसँग अर्थत्रन्त्र

करिब-करिब १८ औं शातब्दीको अन्त्यतिरबाट आर्थिक क्रान्तिको लहर विश्वमा उदीयमान भई व्यावसायिक, सामाजिक र धार्मिक जीवनमा प्रवेश गरे लगत्तै सामाजमा आर्थिक, राजनीतिक, सांकृतिक, भौगोलिक, उत्पादनका साधनहरू माथि मालिकको एकलौटी नियन्त्रण र स्वामित्व रहन थाल्यो। यसले समाजमा आर्थिक, सांस्कृतिक र समाजिक संरचनाभित्र जात, धर्म, सम्बन्ध, पेशा जस्ता ससाना तत्वहरूमा विभाजन गर्दै गतिशीलतातिर उन्मुख गर्यो।

करिब १२५ भन्दा बढी जातिजाति, भेषभुषाको मानववस्ती भएको प्राचीन सभ्यता र संस्कृतियुक्त देश नेपाल विश्वको एक सुन्दर नगरीका रूपमा स्थापित छ। जहाँ प्रत्येक समुदायका व्यक्तिहरूको जीवन निर्वाह गर्र्ने, आफ्नै सिप, कला र पेशामा अधारित आर्थिक एकाइहरू विद्यमान र चलायमान छन्।

लाखौं मानिसको जीवन निर्वाह गर्ने मुख्य आधार नै स्थानीय स्रोत-साधनमा अधारित परम्परागत पेशागत सिपको प्रयोग गरी विभिन्न प्रकारका वस्तु उत्पादन गरी बिक्री गर्नु हो। अर्कातर्फ, मधेश प्रदेशको आर्थिक हिस्साको ठूलो भाग पेशगत सिपमा आधारित छ, जुन अनौपचारिक क्षेत्रमा निहित छ।

धनुषा जिल्लाको क्षीरेश्वरनाथ नगरपालिकाका छोटेलाल मुखिया बाँसको सामग्री उत्पादन तथा बिक्री गरी जीवीका गर्ने गर्दछन्। उनी मात्र होइन, करिब ८० परिवार विम मुखियाहरू साउनदेखि कात्तिकसम्म बाँसबाट बनाइने विभिन्न



प्रकारका रङ्गी-बिरङ्गी सामग्री उत्पादनमा व्यस्त हुने गर्दछन्। अरु समयमा ज्यालादारी गर्ने गर्दछन्। पहिला वर्ष भरी बाँसकै काम गरेर जीविका निर्वाह गर्दथे भने अहिले नयाँ-नयाँ प्रविधिबाट बनेका प्लाष्टिक समग्री छ्यापछ्याप्ती पाइन थालेको हुँदा आफ्नो पेशा गुमाउन बाध्य भएका छन्।

यस्तै बाराको प्रशौनी र बीरगञ्जका ५० परिवारका महिला तथा पुरुषहरू माटोको दियो, मट्का, कलश, सुराइ, गाग्रो, हात्ती, गमला लगायतका विभिन्न रङ्गी-बिरङ्गी भाँडाकुँडा उत्पादन गरी बिक्री गरेर आफ्नो जीवीका निर्वाह गरिररहेका छन्

स्थानीय रामकुमार कुम्हालका अनुसार पूर्वजदेखि नै पारिवारिक पेशाका रूपमा माटाको भाँडा-वर्तन उत्पादन गर्ने सिप रहेकाले जीवीकोपार्जन गर्न सजिलो भएको बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ, 'नयाँ-नयाँ प्रविधिबाट उत्पादन भएका वस्तुसँग प्रतिस्पर्धा गर्न नसकेकाले विस्तारै उत्पादन कार्यमा व्यक्तिको चासो कम हुँदै गएको छ ।

मधेशको ग्रामीणक्षेत्रमा उत्पादन गरिएका दीप नेपालबाट निर्यात हुने वस्तुमध्ये विभिन्न समुदायले उत्पादन गरेका हस्तकालाका सामानहरूको महत्वपूर्ण योग्दान रहेको छ। स्वदेशी श्रम, सिप, कला र कच्चा पदार्थमा आधारित रोजगारमूलक उद्योग व्यवसायको विकास अनि घरेलु र साना उद्योग समेत स्थापना भएका छन्। यस्तै हस्तकलाका क्षेत्रमा झण्डै ८ लाख व्यक्तिहरूले प्रत्यक्ष तथा अप्रत्यक्ष रूपबाट रोजगारी प्राप्त गरी यस क्षेत्रले गरिबी निवारणमा पनि महत्वपूर्ण योगदान पुर्याइरहेको छ।

संयुक्त राज्य अमेरिका, युरोपियन मुलुकहरू, चीन, भारतलगायत अन्य मुलुकहरूमा विभिन्न प्रकारका हस्तकलाका सामग्री निर्यात भइरहेका छन्। हस्तकला महासंघ नेपालका उपध्यक्ष दिव्यतारा तुलाधारका अनुसार आन्तरिक तथा बाह्य गरेर वार्षिक करिब १६ अर्ब रुपैयाँ बराबरको आर्थिक कारोबार हुने गर्दछ।

नेपालको संस्कृति अनुसारको, उपभोग्य वस्तु, पहिरन तथा दैनिक आवश्यकताका सरसामान उत्पादन गर्ने उद्योग अर्को देशमा स्थापना भएका छन्। नेपाल ती देशबाट आयात गरी आपूर्ति गर्ने स्थितिमा पुगेर बजेट घाटा सहनसमेत बाध्य भएको छ। चीनबाट जनै आयात भएको तथ्यांक सञ्चार माध्यमले सार्वजनिक गर्दा अघिल्लो वर्ष धेरैले आश्चर्य मानेका थिए। जनै भारतवर्षका मानिसहरूको संस्कृतिभित्रको एउटा विशेष र अभिन्न पक्ष हो। भारतवर्षका जनैधारीको छातीमा चीनले हात पुर्याएर आर्थिक उपार्जन गर्नुले धेरै कुरा संकेत गर्दछ।

नेपालको आधाभन्दा बढी आर्थिक क्रियाकलाप अनौपचारिक क्षेत्रमा सम्पन्न हुने गर्छ। जसको मुख्य कारण मध्य कृषि तथा गैरकृषि क्षेत्रमा परम्परागत सिप र कलामा अधारित आर्थिक गतिविधिलाई मानिन्छ।

नेपाल श्रमशक्ति सर्वेक्षण, २०७४/७५ (तेस्रो) को नतिजा केलाउँदा 'नेपालको कुल रोजगारीको ठूलो हिस्सा (८४.६ प्रतिशत) अनौपचारिक क्षेत्रको आर्थिक क्रियाकलापमा' भइरहेको छ। यो सामान्य विषय होइन। यसैले गर्दा हुनुपर्छ- अनौपचारिक क्षेत्रले पुर्याएको योग्यदान देखेर विश्व नै चकित छ।

अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ) ले मार्च २०१८ मा प्रकाशन गरेको अनौपचारिक अर्थतन्त्रमा महिला र पुरुषको एउटा तथ्यांक चित्रले कृषि र गैरकृषि श्रम गरी विश्वमा ६१ प्रतिशत श्रमशक्ति अनौपचारिक अर्थतन्त्रमा कार्यरत रहेको उल्लेख गरेको छ। जसले करिब २ अर्ब कामदारहरूको प्रतिनिधित्व गर्दछ। ओमन एण्ड मेन इन द इन्फर्मल इकोनोमीः अ स्टाटिस्टिकल पिक्चर (तेस्रो संस्करण)/ अन्तर्राष्ट्रिय श्रम कार्यालय, जेनेभाः आइएलओ, २०१८)

### सांस्कृतिक अर्थतन्त्रको विश्वव्यापीकरण

विभिन्न समुदाय मिश्रित भई बसोबास गरिरहेका मानिसलाई विश्वको सांस्कृतिक रीतिरिवाज, सेवा, श्रम र जीवनशैलीले एउटै अर्थतन्त्रमा बाँधिरहेको छ। यस कार्यमा सांस्कृतिक अर्थतन्त्रको ठूलो योगदान छ। नेपालको संस्कृति अनुसारको, उपभोग्य वस्तु, पहिरन तथा दैनिक आवश्यकताका सरसामान उत्पादन गर्ने उद्योग अर्को देशमा स्थापना भएका छन्। नेपाल ती देशबाट आयात गरी आपूर्ति गर्ने स्थितिमा पुगेर बजेट घाटा सहनसमेत बाध्य भएको छ। चीनबाट जनै आयात भएको तथ्यांक सञ्चार माध्यमले सार्वजनिक गर्दा अघिल्लो वर्ष धेरैले आश्चर्य मानेका थिए। जनै भारतवर्षका मानिसहरूको संस्कृतिभित्रको एउटा विशेष र अभिन्न पक्ष हो। भारतवर्षका जनैधारीको छातीमा चीनले हात पुर्याएर आर्थिक उपार्जन गर्नुले धेरै कुरा संकेत गर्दछ।

स्थानीयस्तरमा उत्पादन गरिएको हाते कागज सांस्कृतिक व्यवस्थाभित्र परिवार, नातेदार, वर्ग जस्ता अनौपचारिक सामाजिक संस्थाबाहेक राज्य, नियम कानुन, संघ र संरचना जस्ता अनौपचारिक संस्थाहरू पनि छन्। जसले सामाजिक, आर्थिक र राजनीतिक नियन्त्रण गर्न प्रत्यक्ष भूमिका निर्वाह गर्दछ।

अर्कातर्फ सांस्कृतिक संरचनाले समाजलाई विभेद गरेको देखिन्छ। यसले गरिबमाथि श्रम शोषण, छुवाछुत, जातपात तथा स्रोतमा ठुलाबडाको एकलौटी र नियन्त्रण, द्वन्द्व, क्रान्ति जस्तो भूमिकामा प्रत्यक्ष संलग्न हुने गर्छ।

अन्त्यमा एक्काइसौं शताब्दीसम्म आउँदा प्राचीन संस्कृति विस्तारै लोपोन्मूख भएको र परिवर्तित युगमा देखिएको नयाँपनले समाजमा थप आर्थिक भार समेत बढेको देखिन्छ। विश्व बजारमा सांस्कृतिक रूपमा नेपाललाई धनी देश भनेर चिनिन्छ। यहाँको कला र सीपसँग जेडिएर पर्यटन र हस्तकलामा आधारित उद्योगहरूले देशको अर्थतन्त्रमा राम्रै टेवा पुर्याएकोछ ।



पशुपतिनाथ क्षेत्रमा बालाचतुर्दशीका लागि बिक्रीमा राखिएको सतबीजलगायत पूजाका सामग्री किन्दै भक्तजन । *तस्बिर : हरिराम भेटुवाल/रासस*

# अलैँचीबाट आत्मनिर्भर बन्दै माछापुच्छ्रे गाउँपालिका

पोखरा, ५ मङ्सिर
कृषिका लागि निकै उर्बर मानिने कास्कीको माछापुच्छ्रे गाउँपालिकाका किसान अहिले अलैँचीमा आत्मनिर्भर हुँदैछन् । नगदेबाली अलैँचीखेतीले राम्रो प्रतिफल दिन थालेपछि यसतर्फ स्थानीयको आकर्षण बढेको हो । माछापुच्छ्रे-८ कोलेलीका कृषक नरेशराज लामिछानेले करिब ७० रोपनी जग्गामा व्यावसायिकरुपमा अलैँची खेती गर्न थालेका छन । ज्योति अर्गानिक कृषि फर्मका सञ्चालकसमेत रहेका लामिछाने भन्छन, अन्य बालीभन्दा अलैँचीबाट राम्रो मुनाफा भएपछि यसतर्फ ध्यान जान थाल्यो । उनले सेपिलो बाँझो जग्गामा अलैँचीखेती हुनेहुँदा खेर गएको जग्गाको उपयोग भएको बताए । स्थानीय किसानले २०५०/५१ सालतिर अन्नपूर्ण संरक्षण क्षेत्र (एक्याप) मार्फत इलाम र ताप्लेजुङ भ्रमणमा गएको बेला त्यहाँबाट अलैँचीको रामसाइँ र गोलसाइँ जातका केही बेर्ना ल्याएर रोपेका थिए । यसले राम्रो उत्पादन दिएपछि स्थानीयवासी अलैँचीको व्यावसायिक खेतीतर्फ आकर्षित हुन थालेका हुन् । त्यतिबेला रोपेको अलैँचीको बेर्नाले अहिलेसम्म पनि फल दिइरहेको छ । एकचोटीको लगानी र मेहनतको प्रतिफल लामो समयसमम पाइने भएकाले पनि किसानको रोजाइमा पर्दै गएको उनी बताउछन । लामिछानका अनुसार पछिल्लो समय प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाबाट अलैँची क्षेत्र कार्यक्रममार्फत अनुदान प्राप्त हुन थालेपछि यस क्षेत्रका किसानको रुची अझ बढेको हो । परियोजनाको अनुदानमा उक्त क्षेत्रमा ११ वटा अलैँची सुकाउने आधुनिक




भट्टी पनि निर्माण गरिएको छ । त्यसैगरी पोखरा-२५ हेम्जाका भुवनेश्वर पौडेलले पनि अहिले माछापुच्छ्रे गाउँपालिका-६ धिताल गाउँमा व्यावसायिक अलैँची खेती सुरु गरेका छन । सरकारी सेवाबाट अवकास लिएपछि कृषि कर्ममा लागेका पौडेल अहिले अलैँची खेतीबाट निकै उत्साहित छन । माछापुच्छ्रे एग्रो सेन्टर प्रालिका अध्यक्षसमेत रहेका पौडेलले सुरुमा परीक्षणका लागि करिब सात रोपनी क्षेत्रफलमा मात्र अलैँची लगाएको र उत्पादन राम्रो भएपछि क्षेत्र विस्तार गरेर व्यावसायिक खेती गरेको बताउछन । उनी भन्छन लगाएको दुई वर्षमा नै एक क्विन्टल बढी अलैँची उत्पादन भयो, यसले हामीलाई उत्साहित बनायो ।विसं २०७५ मा करिब एक सय ६० रोपनी जग्गा खरिद गरी कृषि कर्मको बाटोमा लाग्नु भएका पौडेलले ६० रोपनी क्षेत्रफलमा अलैँची खेती गरेका छन । उनले अहिले क्षेत्र विस्तार गरेर थप एक लाख अलैँचीका बेर्ना रोपेका छन । यसबाहेक कालिज, स्थानीय जातका कुखरा, एभोगाडो, जापानिज कडुस पनि उनको फर्ममा देख्न सकिन्छ । माछापुच्छ्रे मर्दी खोला अलैँची ब्लक क्षेत्र सञ्चालक समितिका अध्यक्ष दिपक पौडेलले उत्पादित अलैँची ब्लकको समन्वयमा बिर्तामोड केन्द्रमा लगेर बिक्री गरिने बताउनुभयो । उहाँका अनुसार गाउँपालिकाको वडा नं २, ६, ७, ८ र ९ का स्थानीयवासीले व्यावसायिकरुपमै अलैँची खेती गरेका छन् भने बाँकी वडाका किसानले पनि चासो राख्न थालेका छन् । यस्तै मादी गाउँपालिकाको वडाहरु १,२,३, ८, १० र ११, अन्नपूर्ण गाउँपालिकाको वडा १, ३,४, ७, १० र ११ तथा पोखरा महानगरपालिकाको वडा नं १६ र १९ मा अलैँची क्षेत्रसम्बन्धी कार्यक्रम सञ्चालन गरिएको छ । अहिले गाउँपालिकाबाट मात्रै करिब २५ हजार केजी उत्पादन भएको छ । गाउँपालिकाले अलैँचीबाट वार्षिक रु दुई करोड ५० लाख भित्र्याएको पौडेलले बताए । गाउँपालिकाका केही वडा अन्नपूर्ण संरक्षण क्षेत्रभित्र पर्ने भएकाले वन क्षेत्रमा रुखका हाँगाबिँगा छिमल्दा पनि संरक्षण क्षेत्रबाट समस्या हुने गरेको किसानहरुको गुनासो छ । अलैँची क्षेत्रलाई ध्यान दिएर एक्यापले सहजीकरण गर्नुपर्ने उनको भनाइ छ । अलैँचीले रोपेको तीन वर्षबाट उत्पादन दिन थाल्छ । अघिल्लो वर्ष रु ११ सय प्रतिकेजीमा बिक्री भएको अलैँची अहिले केही मूल्य घटेकाले उचित मूल्यको पर्खाइमा किसान रहेका छन् । भारतीय व्यापारीले अलैँचीको मूल्य निर्धारण गर्ने र त्यसै आधारमा खरीद बिक्री हुने हुँदा मूल्य घटबढ भइरहने हुन्छ । पछिल्लो समय नेपालबाट निर्यात हुने वस्तुमा अलैँची पनि पर्न थालेको छ । विदेशबाट ठूलो मात्रामा ल्वाङ, सुकमेलजस्ता मसलाजन्य सामग्री आयात गर्छ । यस भेगमा उत्पादन हुने अलैँचीलाई पनि निर्यात गर्न सके विदेशी मुद्रा आर्जन गर्न सहज हुने गाउँपालिका-८ का अध्यक्ष रामबहादुर गुरुङ बताउछन । गाउँलाई कृषिमै आत्मनिर्भर बनाउन ज्ञान केन्द्र र गाउँपालिकाको सहयोगमा वडाका किसानलाई आलुको विऊ पनि निःशुल्क वितरण गरेको उनले जानकारी दिए । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाका परियोजना कार्यान्वयन एकाइ कास्कीका प्रमुख वरिष्ठ कृषि अधिकृत रोशन अधिकारी कास्कीका माछापुच्छ्रे, अन्नपूर्ण र मादी गाउँपालिका विभिन्न वडामा अलैँची खेतीलाई अनुदान दिइएको र त्यसको प्रतिफल पनि राम्रो पाइएको बताउछन । उनी भन्छन , माछापुच्छ्रे गाउँपालिमा अलैँचीको व्यावसायिक खेती निकै राम्रो छ, किसानले उत्साहित रुपमा व्यक्तिगत र समूहमा गरेर अलैँची खेती गरेका छन् । उनले क्रमशः अलैँची खेतीको क्षेत्र विस्तार भएकाले आगामी दिनमा उत्पादन बढ्ने र गाउँ अलैँचीबाटै आत्मनिर्भर हुने अवस्थामा रहेको उल्लेख गरे । उनका अनुसार अनुदानबाट सिँचाइ र अलैँची सुकाउने आधुनिक भट्टी निर्माणमा ८५ प्रतिशत अनुदान उपलब्ध गराइएको छ भने क्षेत्र विस्तार कार्यक्रम, चक्लाबन्दी, उपकरण, नर्सरी, अलैँचीको बेर्नालगायतमा ५० प्रतिशत अनुदान दिने गरिएको छ ।रासस

# वैकुण्ठधाममा मेला लाग्ने

भरतपुर, ५ मङ्सिर
चितवनको माडीस्थित वैकुण्ठधाममा बालाचतुर्दशीको अवसरमा मेला लाग्ने भएको छ । मङ्गलबार बालाचतुर्दशीका दिन माडी नगरपालिका-६ स्थित वैकुण्ठधाममा मेला लाग्ने भएको हो ।

आफ्ना बुबाआमा नहुनेले पितृको मोक्ष प्राप्तिका लागि बालाचतुर्दशीको अघिल्लो दिन रातभर भजनकीर्तन गरी भोलिपल्ट बिहान वैकुण्ठधाम क्षेत्रमा शतबीज छर्ने र स्नान गर्ने प्रचलन रहेको छ । वैकुण्ठधाममा यस वर्ष बृहत् सांस्कृतिक कार्यक्रमको अयोजना गरिने भएको छ । विभिन्न जनजातिको झाँकीसहित स्थानीय कलाकारको प्रस्तुति रहने मेला व्यवस्थापन संयोजक राजकुमार परियारले जानकारी दिनुभयो । उहाँका अनुसार मेलामा आउनेले शतबीज छर्नुका साथै वैकुण्ठ ताल अवलोकन, माडीको पहिलो झोलुङ्गे पुल अवलोकन विभिन्न परिकारका खानेकुराको स्वाद लिन पाउनेछन् । धार्मिक पर्यटनको विकास र प्रवर्द्धनमा मेलाले टेवा पुग्ने उहाँको विश्वास छ । मङ्सिर कृष्ण चतुर्दशीका दिन परिवारभित्रका सदस्यको दिवाङ्गत आत्माको चिरशान्तिको कामना गर्दै धान, जौ, तिल, गहुँ, चना, मकै, कागुनो मिश्रित शतबीज मन्दिर वरपर छर्ने चलन छ । यसो गर्नाले पितृलाई अन्नको कमी नहुने र उनीहरुले सद्गति प्राप्त गर्ने धार्मिक विश्वास छ । मङ्सिर कृष्ण त्रयोदशीका दिन साँझबाट भोलिपल्ट सद्बीज छर्ने बेलासम्म आफ्ना पितृको



नाममा बत्ती बाल्ने गरिन्छ । यस क्षेत्रलाई ऋषिमुनिले तपस्या गरेको, अष्टबक्र जन्मेको क्षेत्रको रुपमा लिइन्छ । बराह पुराणमा वैकुण्ठ तीर्थमा स्नान गरेमा पाप नाश हुने उल्लेख छ । श्रीराम वनबास जाने क्रममा यो क्षेत्रमा स्नान गरेको धार्मिक कथन छ । माडीको खरकट्टास्थित वैकुण्ठचोकबाट करिब साढे तीन किलोमिटरको दुरीमा वैकुण्ठ मेलास्थल पुगिन्छ । मेलास्थलबाट करिब २० मिनेटको पैदलयात्रापछि ताल हेर्न पाइन्छ । घाँघरखोलाको शिरमा रहेको यो तालको शिरमा दुई छहरा छन् । चारैतिरको हरियालीले तालको दृश्यलाई नै लोभलाग्दो बनाएको छ । तालको दक्षिणतर्फ मनै लोभ्याउने गुफा छन्, धनलक्ष्मी छहरा छ, खोली दोभान छन् । रासस


# स्वदेशी ओटिटीमा बढ्दैछन् दर्शक



काठमाडौँ, ५ मङ्सिर
ओटिटी (ओभर द टप) प्रतिको आकर्षण कोभिड-१९ नियन्त्रणका लागि गरिएको लकडाउनका समयमा बढ्यो । घरमै रहन बाध्य दर्शकले मनोरञ्जनको विकल्पका रुपमा 'डिजिटल प्लेटफर्म' रोजे । अन्तर्राष्ट्रियरुपमा बजार राम्रो बनाइसकेका नेटफ्लिक्स, अमेजन प्राइम भिडियो, डिज्ने प्लस हटस्टार, जी फाइभ, सोनी लिभलगायत ' ओटिटी प्लेटफर्म' दर्शकका प्रिय बनिरहँदा नेपाली एप भने ओझेलमा रहे । नेपालमा समेत विदेशी ओटिटीका प्लेटफर्मतर्फ बढ्दा नेपालमै रहेका आइफ्लिक्स, भिडियो पसल, सिनेमाघर जस्ता एपले भने धेरै दर्शक तान्न सकेनन् । नेपाल राष्ट्र बैंकले पाँच सय डलरसम्म वार्षिकरुपमा खर्च गर्न मिल्नेगरी कार्ड उपलब्ध गराए पनि विदेशी एपमै दर्शक बढ्दै आएका छन् । आइफ्लिक्स र चलचित्र टिभीले सफलता नपाए पछि बन्द नै भए ।नेपालमा सन् २०१५ देखि सुरू भएको एप सिनेमाघरका प्रमुख कार्यकारी अधिकृत सागर खरेलले नेपाली दर्शकलाई युट्युबमा निःशुल्क कन्टेन हेर्ने बानी लागेकाले डिजिटल प्लेटफर्मको विकास नहुन सकेको बताए । हामीले सुरुआती समयमा चलचित्रको अधिकार लिएर निःशुल्करुपमै एपमा देखाउने गरेका थियौँ । दर्शकलाई फिल्म हेर्ने बानी बसेपछि न्यूनतम शुल्क लिन थालेका हौँ, उनले भने , अहिले यसको सुरक्षा प्रणाली चुस्त बनाउनाका साथै दर्शकले खोजिरहेको चलचित्र ल्याउने तयारीमा छौँ । सिनेमाघर एपसँग सन् २०१८ मै जोडिनुभएका अभिनेता तथा निर्देशक खगेन्द्र लामिछानेले दर्शकलाई एपमा फिल्म हेर्ने बानीको विकास भइरहेको बताए । नयाँ फिल्म र ओर्जिनल कन्टेनको तयारी हामीले गरिरहेका छौँ । दर्शकको आकर्षण बढ्दै गएपछि हामीले पनि कन्टेन बढाउँन थालेका हौँ, उनले भने ।


गत कात्तिक २४ मा एपमा रिलिज भएको 'कबड्डी ४ : द फाइनल म्याच' ले प्रयोगकर्ता बढाउनाका साथै एक्टिभ पनि गरिएको प्रमुख कार्यकारी अधिकृत खरेलले बताए । हाम्रो ५० हजारभन्दा बढी प्रयोगकर्ता बढेको छ भने सक्रिय हुनेको सङ्ख्या धेरै भएर सर्भर नै क्याससमेत भएको थियो । यो फिल्मको आम्दानी कुनै युट्युबले दिनेभन्दा बढी छ । कुनै समय एक सय दर्शक नपाइने एपमा केही समययता दैनिक एक हजारको हाराहारीमा फिल्म हेरिरहनुभएको छ, उनले भने । आइफ्लिक्स र भिडियो पसल सञ्चालन गरिसकेका ओमप्रकाश अग्रवालले भने पाइरेसीको समस्याले ओटिटीमा जोखिम रहेको बताउनुभयो । आफ्नै ओएसआर प्ले नामक एपको तयारी गरिरहेका अग्रवालले सुरक्षाको चुनौती रहेको उनको भनाइ थियो । हामीले पाइरेसी रोक्ने अनेक सुरक्षा अपनाएका हुन्छौँ तर पाइरेसी गर्नेलाई कडा कारवाही नभएसम्म कन्टेन सुरक्षित हुदैनन, सञ्चालक अग्रवालले भने । आइफ्लिक्स बन्द भएपछि उहाँसहितको टोलीले ओएसआर डिजिटल टिम भिडियो पसलमार्फत फिल्म दर्शक माँझ पुर्‍याइरहेको छ ।अभिनेता लामिछानेले आफ्नो एपमा चार तहको सुरक्षा रहेको र पाइरेसी गर्नेलाई सहजै पत्ता लगाउन सकिने बताए । पाइरेसीसम्बन्धी शिक्षाको कमिले नै यस्तो भइरहेको छ । पक्राउ परेपछि ख्यालख्यालमै चलचित्र पाइरेसी गरिएको भन्ने सुनिन्छ । यससम्बन्धी चेतना फैल्याउनुपर्छ, उनले भने । डिजिटल बजारलाई सघाउन चलचित्र विकास बोर्डले नियमन गर्ने र सञ्चालन गर्ने कार्यविधि तयार गरिरहेको सदस्य फडिन्द्र कटवालले बताए । 'कबड्डी ४ : द फाइनल म्याच' ले गरेको कमाइको विवरण र अन्य केही नयाँ फिल्म रिलिजबारे छिट्टै जानकारी गराउने सिनेमाघरका प्रमुख कार्यकारी अधिकृत खरेलले जानकारी दिए । रासस

# पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा क्यालिब्रेसन फ्लाइट



५ मंसिर, काठमाडौं ।
पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा जडान उपकरणहरुको क्षमता परीक्षण गर्न सोमबारदेखि क्यालिब्रेसन उडान सुरु हुँदैछ । यसका लागि एरो थाईको जहाज शनिबार नै पोखरा पुगेको छ ।नेपाल नागरिक उड्डयन प्राधिकरणले ५ मंसिर (२१ नोभेम्बर)देखि ११ मंसिर (२७ नोभेम्बर)सम्म पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको यान्त्रिक परीक्षण उडान गर्ने तालिका स्वीकृत गरेको हो ।यो प्रयोजनका लागि अघिल्लो पटक भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा परीक्षण गरेको एरो थाई कम्पनीको जहाज नेपाल बोलाइएको हो । यो जहाज आगामी ५ डिसेम्बरसम्म नेपाल रहने छ ।

क्यालिब्रेसन उडानको प्रतिवेदनपछि परीक्षण उडान पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा सरकारले १ जनवरी २०२३ देखि व्यावसायिक उडान गर्ने निर्णय गरिसकेको छ । त्यस अगाडि परीक्षणहरु हुनुपर्छ । प्राधिकरणका अनुसार क्यालिब्रेसन फ्लाइट एक विस्तृत यान्त्रिक परीक्षण उडान हो । यो सम्पन्न भएपछि उडान गरेको कम्पनीले प्रतिवेदन बुझाउँछ । सोही प्रतिवेदनका आधारमा नयाँ विमानस्थलमा परीक्षण उडान गरिन्छ । परीक्षण उडान समेत सफल भएको प्रतिवेदन आएपछि भने विमानस्थलमा अन्तर्राष्ट्रिय व्यावसायिक उडानका लागि कम्पनीहरुले अनुमति पाउँछन् ।



धनुषाको क्षीरेश्वरनाथ नगरपालिका-५ महेन्द्रनगरस्थित क्षीरेश्वर जनता उच्च माविमा रहेको धनुषा निर्वाचन क्षेत्र नं ४ को मतगणना स्थलको अवलोकन गर्दै नेकपा (एमाले)को सचिव तथा उम्मेदवार रघुबिर महासेठ र सत्तागठबन्धनका उम्मेद्वार काँग्रेस सहमहामन्त्री महेन्द्र यादवलगायत । तस्बिरः अजयकुमार साह, रासस

# राष्ट्रिय स्वतन्त्र पार्टीको टक्कर एमालेसंग



५ मंसिर, काठमाडौं ।
सोमबार अपराह्नसम्म ६२ स्थानमा मतगणना हुँदा राष्ट्रिय स्वतन्त्र पार्टीले विभिन्न ८ स्थानमा अग्रता लिएको छ । संयोग नै मान्नुपर्छ, ती सबै ठाउँमा उसका निकटतम प्रतिस्पर्धी अरु होइन, नेकपा एमालेका उम्मेदवार छन् । काठमाडौं-२ मा सोविता गौतमको प्रतिस्पर्धा एमाले उम्मेदवार मणिराम फूयालसँग छ ।
काठमाडौं-६ मा शिशिर खनालले एमाले उम्मेदवार सर्वेन्द्र खनालसँग प्रतिस्पर्धा गरिरहेका छन् । काठमाडौं-७ मा गणेश पराजुलीले एमालेका श्याम कुमार घिमिरेसँग प्रतिस्पर्धा गरिरहेका छन् ।
ललितपुर-३ मा तोसिमा कार्कीपछि दोस्रो स्थानमा अमृत खड्का छन् । काठमाडौंका ४ निर्वाचन क्षेत्रमा राष्ट्रिय स्वतन्त्र पार्टीले लिड गरिरहेको छ ।
काठमाडौं बाहिरका ४ निर्वाचन क्षेत्रमा पनि रास्वपाले लिड गरिरहेको छ, त्यहा पनि अरु दल होइन एमालेकै उम्मेदवारसँग उसको प्रतिस्पर्धा छ । झापा-४ मा शम्भुप्रसाद ढकाल पहिलो स्थानमा छन् भने उनीसँग एमालेका एलपी साँवाले प्रतिस्पर्धा गरिरहेका छन् ।
रुपन्देही-२ मा गणेश पौडेलले एमाले उपाध्यक्ष समेत रहेका विष्णु पौडेलसँग प्रतिस्पर्धा गरेका छन् । कास्की-२ मा माधव प्रसाद कँडेल र एमाले उम्मेदवार विद्या भण्डारी क्रमशः पहिलो र दोस्रो स्थानमा छन् । कास्की-३ मा योगराज पौडेल पहिलो स्थानमा छन् भने दामोदर पौडेल बैरागी दोस्रो स्थानमा छन् ।

# कांग्रेसलाई विजयी सुरुआत दिलाउने योगेश चर्चामा

गण्डकी, ५ मङ्सिर
यस पटकको प्रतिनिधिसभाको निर्वाचनमा विजयी सुरुआत गरेको नेपाली कांग्रेसको उम्मेदवार छन, योगेश गौचन थकाली । उनले नेकपा (एमाले) का उम्मेदवार प्रेमप्रसाद तुलाचनलाई पराजित गर्दै सङ्घीय संसद्को यात्रा तय गरेका छन । मुस्ताङबाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित योगेश २९ वर्षका छन । कांग्रेसले उठाएका उम्मेदवारमध्येका सम्भवतः कान्छा योगेशतर्फ यतिखेर सबैको ध्यान आकृष्ट भएको छ । निवर्तमान सांसद नेकपा (एमाले) का केन्द्रिय सदस्य तुलाचनलाई नौ सय १४ मतान्तरले पछि पार्दै गौचन विजयी भएका हुन । प्रतिनिधिसभा सदस्यमा एक निर्वाचन क्षेत्र रहेको मुस्ताङमा चार जना प्रतिस्पर्धामा थिए । राष्ट्रिय स्वतन्त्र पार्टीका सुदेश गुरुङले ८७ र राप्रपाका प्रवीणकुमार शेरचनले १३ मत पाए । कांग्रेसका गौचन पाँच दलीय गठबन्धनबाट उम्मेदवार बनेका थिए । कांग्रेसको गण्डकी प्रदेश सदस्य योगेश कांग्रेसका जिल्ला सभापतिसमेत रहेका पूर्वमन्त्री रोमी गौचन थकालीका छोरा छन । विसं २०५० वैशाख २७ गते मुस्ताङको थासाङ गाउँपालिका लेतेमा जन्मेका



योगेशले ब्याचलर अफ बिजनेश म्यानेजमेन्टको अध्ययन गरेका छन । होटेल कालोपानी लेते मुस्ताङ र पोखरामा त्रिथुङ्ग होल सञ्चालन गर्दै आएका उनी ट्राभल्स एण्ड टुर्स प्रालिको प्रबन्ध निर्देशकका साथै मुस्ताङमा किवीखेतीसँगै व्यावसायिक कृषिमा सहभागी बनेका छन । जिल्लामा नेपाल विद्यार्थी सङ्घबाट राजनीति सुरु गरेका उनी नेविसङ्घको राजनीतिसँगै भूगोलमा पनि जोडिएका थिए । उनी पार्टीको जिल्ला कार्यसमिति सदस्य पनि सानै उमेरमा बनेका थिए । उनी पार्टीको साविक लेते गाउँसभापति पनि बनेका थिए । हाल पार्टीको महासमिति सदस्य रहेका उनी गण्डकी प्रदेश कार्यसमितिमा रहेका छन । प्रेमले २०७४ को चुनावमा योगेशका बुबा रोमीलाई चार सय ८५ मतान्तरले पराजित गरेका थिए । विसं २०७० को चुनावमा कांग्रेसका रोमी कांग्रेसबाट बागी उठेका प्रेमलाई १३ मतान्तरले पराजित गर्दै निर्वाचित भएका थिए । मुस्ताङको थासाङ गाउँपालिका-३ लेते कालोपानीका योगेश र प्रेम साला भेना पर्नुहुन्छ । रोमी (योगेशका बुबा) र प्रेम मामा-फूपुका छोरा छन । रोमीले आफूलाई आएको प्रतिनिधिसभा सदस्यको टिकट मनोनयन दर्ताका क्रममा छोरा योगेशलाई थमाउनुभएको थियो । विसं २०४७ पछि मुस्ताङमा नेपाली कांग्रेसले अहिलेसहित चार पटक र नेकपा एमालेले दुई पटक संसदीय निर्वाचन जितेका छन् । विसं २०७४ मा एमाले प्रवेश गरेका प्रेम रोमीलाई पछि पार्दै दोस्रो प्रयासमा संसद् छिरेका थिए । दोस्रो पटक सांसद छिर्ने प्रेमको योजना योगेशले असफल बनाए । रोमी २०५६ मा पनि मुस्ताङबाट प्रतिनिधिसभा सदस्य निर्वाचित भएका थिए । रोमी २०७३ मा वाणिज्यमन्त्री थिए । विसं २०७४ को चुनावमा मुस्ताङको प्रतिनिधिसभा र दुई वटा प्रदेशसभा सदस्यमा एमालेले जितेको थियो । नयाँ र युवा उम्मेदवारप्रति मतदाताको आकर्षण, गठबन्धनमा आबद्ध दलको साथ र स्वतन्त्र मतदाता आफ्नो पक्षमा रहेकाले चुनाव जित्ने योगेशको दाबी थियो । योगेशले चीनको सिमानामा रहेको कोरला नाका सञ्चालन गर्न चीनसँग कूटनीतिक प्रयास र त्यहाँ जोड्ने सडक पूर्वाधार तयार पार्ने मुद्दालाई प्राथमिकता दिने निर्वाचनका क्रममा बताएका थिए । जोमसोम-कोरला सडक कालोपत्र गर्ने र बेनी-जोमसोम सडकलाई स्थायी र दीर्घकालीन निकास दिन पहल गर्ने मतदाता समक्ष प्रतिबद्धता जनाएका थिए । रासस

# कृषि औजार कारखाना .....................

सामान्य मर्मतसम्भारबाट सञ्चालन भएको केन्द्रले जनाएको छ । अन्यको हकमा



पनि ७५ प्रतिशत औजारहरु मर्मतसम्भारबाटै सञ्चालन गर्न सकिने जनाईएको छ ।
नेपाल सरकारले २०७९ अशोजख११ गते लिखित सम्झौता गरेर कृषि औजार काराखाना सञ्चालनको सम्पुर्ण जिम्मा राष्ट्रिय आविष्कार केन्द्रलाई दिने निर्णय गरेको हो ।
सोही सम्झौता अनुसार अविष्कार केन्द्रले कारखानाको अवस्था बारे २ सरकारलाई प्रतिवेदन बुझाईसकेको छ ।
'हामीले प्रारम्भिक चरणको काम गरिसकेका छौ,यस्मा कारखाना के कस्तो अवस्था छ ? मेसिन सञ्चालन गर्न मोटामोटी खर्च कति लाग्छ, चल्ने/ नचल्ने अवस्थाका मेशिनहरु कति छन् ।
फाल्नुपर्ने मेसिनहरु के के छन् ? त्यसको लगतहरु निकालेर एउटा रिर्पोट सरकारलाई बुझायौ, अव सोही रिर्पोट आधारमा सरकारले के निर्देशन दिन्छ त्यसैको आधारमा हामी अगाडी बढ्छौ' राष्ट्रिय अविष्कार केन्द्रका प्रमुख महाविर पुनंले भने ' कारखाना सञ्चालनका लागि आवश्यक पुराना मेसिनहरु, मर्मत सम्भारको गर्नको लागि रातदिन खट्दा पनि ८/१० महिना लाग्ने देखिएको छ, हामी सकभर १ वर्ष नपुग्दै यहाँ भएका पुराना कृषि औजारहरु मध्ये १०/१५ प्रकारका औजारहरु पहिलो चरणमा उत्पादन गर्ने तयारीमा छौं' पुनंले भने ।


अविकार केन्द्रले पहिलो चरणमा ८ देखि १० महिनाभित्रका कुटो, कोदालो, कैंची, बेल्चा देखि धान झार्ने मेसिन र अन्य हातले चल्ने साना मेसिनहरुको उत्पादनको काम शुरु गर्ने जनाएको छ । दोस्रो वर्षदेखि भने सरकारको आर्थिक सहयोगमा कारखानामा आधुनिक टेक्नोलोजी भित्राउने र नाफामुलक ढंगबाट उत्पादन क्षमता बढाउने जनाईएको छ ।
नेपालको कृषि क्षेत्रलाई आवश्यक पर्ने सबै किसिमका उपकरण स्वदेशमै उत्पादन गर्ने उद्देश्यले सोभियत संघ सरकारको सहयोगमा २०२४ सालमा वीरगञ्ज कृषि औजार कारखानाको स्थापना भएको थियो । १० बिगाहा क्षेत्रफलमा रहेको छ । ४ दशकअघिसम्म कारखानाले देशका विभिन्न स्थानमा बिक्री डिपो र डिलर राखेर कृषी औजार र यन्त्रहरु आपूर्ति हुने गर्दथ्यो ।
कुनै बेला वायुसेवा निगम, नेपाल टेलिकम, विद्युत प्राधिकरण, दुग्ध विकास संस्थानको दुध बोक्ने टंयाकी कृषि औजार कारखानामा नै उत्पादन हुन्थ्यो ।
तर ०४६ सालमा बहुदल आएपछि राजनीति परिवर्तन सँगै कृषि औजार कारखाना बन्द भयो । २०५९ सालदेखि कारखाना पुर्ण रुपमा बन्द भएको हो ।
उत्पादकत्व बढाउन एवं कारखानालाई नाफामा सञ्चालन गर्न सरकारी उद्योगलाई नीजिकरण गर्ने योजना अनुरुप २०५४ सालमा कारखाना नीजिकरणमा गयो । कारखानाको ६५ प्रतिशत शेयर बिक्री गरेर सञ्चालनको जिम्मा नीजि क्षेत्रलाई दिइएको थियो तर त्यो पनि सफल हुन सकेन ।
कारखानामा ५० प्रतिशत औजारहरु तत्कालै प्रयोग गर्न मिल्छ
कृषि औजार कारखाना ३० वर्षदेखि बन्द भएपनि बन्द कोठाभित्र भएको कारण ५० प्रतिशत औजारहरु तत्कालै प्रयोग गर्न मिल्ने खालको भएको अविष्कार केन्द्रले जनाएको छ ।
'५० प्रतिशत औजारहरु त अहिले नै चल्छ, अलिअलि मर्मतसम्भार गर्दा ७० देखि ७५ प्रतिशत औजारहरु प्रयोग गर्न सकिन्छ' अविष्कार केन्द्रका प्रमुख पुनंले भने 'नेपालमा खाद्यमा स्वाबलम्बी बनाउने हो भने कृषिलाई मेसिनीकरण गनैपर्छ, त्यसका लागि के के गर्नपर्छ भन्ने कुराको योजना दोस्रो वर्षदेखि बन्दै जान्छ'
स्वामित्व नेपाल सरकारकै
सरकारले कृषि औजार कारखाना व्यवस्थापन तथा सञ्चालनको जिम्मेवारी राष्ट्रिय अविष्कार केन्द्रलाई दिएपनि सम्पतिको स्वामित्व भने नेपाल सरकारको नै रहनेछ । कारखाना मर्मतसम्भार नेपाल सरकारले गर्ने सम्झौतामा उल्लेख छ । १० वर्षका लागि गरिएको सम्झौतामा सरकारले गर्ने खर्चको विषयमा रकम नतोकिएको केन्द्रले जनाएको छ । 'अलिअलि ममर्तसम्भारमा सहयोग गर्ने र त्यसपछि अविष्कार केन्द्रले चलाउने भन्ने १० वर्षको लागि साधारण एक पेजको सम्झौता छ' पुनंले भने ।

# त्रिवेणी घटनालाई शान्तिपुर्ण अवस्थामा फर्काउन गृहमन्त्रीको निर्देशन

काठमाडौं, ५ मङ्सिर
गृहमन्त्री बालकृष्ण खाणले दुई जनाको मृत्यु र तीन जना घाइते भएपछि असहज भएको बाजुराको त्रिवेणी नगरपालिकामा शान्तिपूर्ण वातावरण बनाउन गृह प्रशासन र सुरक्षा निकायलाई निर्देशन दिएका छन ।
गृहमन्त्री खाणले गृहसचिव विनोदप्रकाश सिंह, नेपाल प्रहरीका महानिरीक्षक धीरजप्रताप सिंह, सशस्त्र प्रहरी बलका महानिरीक्षक राजु अर्याल, मन्त्रालयका सुरक्षा समन्वय महाशाखा प्रमुख सहसचिव फणिन्द्रमणि पोखरेल र बाजुराका प्रमुख जिल्ला अधिकारी प्रकाशचन्द्र अधिकारीलाई असहज परि स्थितिलाई सामान्यीकरण गरी शान्तिपूर्ण अवस्थामा फर्काउन निर्देशन दिएका छन



। आइतबारको निर्वाचनमा मतदान भइरहेको समयमा त्रिवेणी नगरपालिका-७ स्थित नाटेश्वरी आधारभूत विद्यालयमा रहेको मतदान केन्द्रमा प्रहरी र स्थानीयवासीबीच झडप हुँदा गोली लागेर स्थानीय सञ्जीव ऐडीको घटनास्थलमै मृत्यु भएको थियो । त्यसपछि भएको अर्को घटनामा घाइते भएका स्थानीय चेतन ऐडीको बयलपाटा अस्पतालमा उपचारका क्रममा मृत्यु भएको थियो । केन्द्र र जिल्लाको पहलमा अहिले अवस्था बिहानको भन्दा सामान्य रहेको सहायक प्रमुख जिल्ला अधिकारी लोकेन्द्रबहादुर विष्टले जानकारी दिए । गृह मन्त्रालयका प्रवक्तासमेत रहनुभएका सुरक्षा समन्वय महाशाखा प्रमुख सहसचिव पोखरेलले केन्द्र र जिल्लाको पहलले बाजुराको त्रिवेणीको अवस्था सामान्य बन्दै गएको बताए ।
यसैबीच गृहमन्त्री खाणले बैतडीको पाटनमा मतपेटिका पुऱ्याएर फर्किंदै गरेको प्रहरी सवार जिप दुर्घटना हुँदा चार प्रहरीको मृत्यु र केही घाइते भएको घटनाबारे जानकारी लिँदै घाइतेलाई उचित उपचारको प्रबन्ध मिलाउन निर्देशन दिएका छन । बैतडीका प्रमुख जिल्ला अधिकारी, प्रहरी प्रमुख तथा केन्द्रका सुरक्षा प्रमुखसँग यसबारे जानकारी लिँदै उचित उपचारको प्रबन्ध मिलाउन र जिल्लाको स्रोतले नपुग्ने भए मन्त्रालयमा लेखी पठाउन उनले आग्रह गरेका छन । रासस




युक्रेनमा रूसी आक्रमणको बीचमा, खेर्सनको बाहिरी भागमा रहेको चोरनोबाइभका गाउँमा खेर्सनको अन्तर्राष्ट्रिय एयरपोर्टको भत्किएको भवनको अगाडि एक युक्रेनी सैनिक हिंड्दै । *(तस्बिर बुलेन्ट किलिक / एएफपी)*

# यसै दशकमा चन्द्रमामा मानिस बस्न सक्ने नासाको अपेक्षा

काठमाण्डौ,मंसिर ५

यसै दशकमा मानिस चन्द्रमामा लामो समयसम्म बस्नसक्ने नासाका एक अधिकारीले बीबीसीलाई बताएका छन् । नासाका लागि ओरायन चन्द्र अन्तरिक्ष यान कार्यक्रमको नेतृत्व गर्ने हावर्ड हुले वैज्ञानिक कार्यका लागि सहयोग गर्न चन्द्रमामा बस्नुपर्ने आवश्यकता हुनसक्ने बताए । उनले सन्डे विथ लरा कुन्सबर्ग कार्यक्रममा ओरायनलाई बोक्ने आर्टिमिस रकेटको बुधवार गरिएको प्रक्षेपण मानव अन्तरिक्ष उडानका लागि ऐतिहासिक दिन थियो भने । ओरायन हाल चन्द्रमाबाट लगभग एक लाख ३४ हजार किलोमिटरमा रहेको छ ।



एक सय मिटर अग्लो आर्टिमिस रकेट नासाको अन्तरिक्ष यात्रीहरूलाई पृथ्वीको उपग्रहमा फेरि पठाउने अभियानको एक हिस्साका रूपमा केनेडी स्पेस सेन्टरबाट प्रक्षेपण भएको हो । रकेटको सबैभन्दा माथि ओरायन अन्तरिक्ष यान छ । पहिलो यात्राका क्रममा उक्त यान अहिले मानवरहित छ तर त्यसमा मानव शरीरमा उडानले पार्ने प्रभावहरूको विवरण राख्ने प्रविधि जडान गरिएको छ। बुधवारको प्रक्षेपण गत अगस्ट र सेप्टेम्बरमा गरिएका अघिल्ला दुई प्रक्षेपण प्रयासहरूकै निरन्तरता हो। तर अघिल्ला ती प्रक्षेपणहरूलाई प्राविधिक समस्याका कारण 'काउन्टडाउन'का क्रममा रद्द गरिएको थियो । हुले लरा कुन्सबर्गलाई आर्टिमिस प्रक्षेपणका क्रममा त्यो माथि उठेको हेर्नु अविश्वसनीय अनुभूति र सपना जस्तो भएको बताए । हामीले दीर्घकालीन र सुदूरअन्तरिक्ष खोज गर्ने क्रममा यो पहिलो कदम हो, यो संयुक्त राज्य अमेरिकाका लागि मात्र होइन, विश्वकै लागि हो, उनले भने । र, मलाई लाग्छ- यो नासाको लागि एक ऐतिहासिक दिन हो । अनि, मानव अन्तरिक्ष उडान र सुदूर अन्तरिक्ष खोजीमा चासो राख्ने सबैका लागि पनि यो ऐतिहासिक नै हो ।

भनाइको मतलब, हामी चन्द्रमामा फेरि जाँदैछौँ। हामी एउटा दिगो कार्यक्रमतर्फ उन्मुख काम गर्दैछौँ र यो त्यस्तो गाडी हो- जसले मानिसहरूलाई बोक्नेछ र हामीलाई फेरि चन्द्रमामा अवतरण गराउनेछ । हुले बताए अनुसार यदि हालको आर्टिमिसको उडान सफल भएमा त्यस्तैखाले अर्को उडान चालक दलका साथ हुनेछ र तेस्रो पटक अन्तरिक्ष यात्रीहरू चन्द्रमामा अवतरण गर्नेछन् । चन्द्रमामा पछिल्लो पटक ५० वर्षअघि अपोलो-१७ मार्फत् सन् १९७२ मा अन्तरिक्ष यात्रीहरू उत्रिएका थिए। उनले हालको यात्रा राम्ररी अघि बढिरहेको बीबीसीलाई बताए । उनका अनुसार अहिले सबै प्रणालीहरूले काम गरिरहेका छन् र उक्त अभियानको टोलीले सोमवार दिवा खाजाका बेलामा ओरायनको इन्जिन (जसलाई बर्न भनेर चिनिन्छ) मा चन्द्रमाको बाहिरी कक्षमा यानलाई पठाउन अर्को 'फायरिङ' गर्ने तयारीमा रहेको छ । हुले पृथ्वीबाट उक्त अभियान हेर्नु भनेको चिन्तित अभिभावक हुनुभन्दा फरक नभएको स्वीकारे । तर उनले ओरायनबाट आएका तस्बिर र भिडियो हेर्दा वास्तवमै 'वाह, हामी चन्द्रमामा फर्किरहेका छौँ' भन्ने उत्साह र अनुभूति दिने बताए ।

आर्टिमिस वान् अभियानको सबैभन्दा महत्त्वपूर्ण चरणमध्ये एक ओरायन मोड्युललाई सुरक्षित रूपमा पृथ्वीमा फिर्ता ल्याउनु हो । यो पृथ्वीको वायुमण्डलमा ३८ हजार किलोमिटर प्रतिघण्टा वा आवाजको गतिभन्दा ३२ गुणा बढी गतिमा पुनः प्रवेश गर्नेछ र यसको मुनिको ढालको तापक्रम तीन हजार डिग्री सेल्सियससम्म पुग्नसक्छ । हुले आर्टिमिसका अवयवहरू र प्रणालीको सुरक्षाको परीक्षण गरेर प्रमाणित भइसकेपछि, यसै दशकमा चन्द्रमामा मानिसलाई बसाउने योजना रहेको बताए । चन्द्रमामा फर्कनुको कारणमा उक्त उपग्रहको दक्षिणी ध्रुवमा पानी छ कि छैन भनेर पत्ता लगाउनु हो। किनभने त्यसलाई अन्तरिक्षको गहिराइमा जानका लागि इन्धन प्रदान गर्न इन्धनका रूपमा रूपान्तरण गर्न सकिन्छ। उदाहरणका रूपमा मङ्गल ग्रहमा जानका लागि ।

उनले भने, हामी मानिसहरूलाई चन्द्रमाको सतहमा पठाउँदैछौँ र तिनीहरू त्यो सतहमा बस्नेछन् र वैज्ञानिक खोजी गर्नेछन् । हाम्रा लागि पृथ्वीको कक्षाभन्दा बाहिर केही कुरा सिक्नु र त्यसपछि मङ्गल ग्रहमा जाँदा ठूलो कदम चाल्नु साँच्चै नै महत्त्वपूर्ण हुनेछ। र, आर्टिमिस अभियानहरूले हामीलाई एउटा दिगो प्लेटफर्म र यातायात प्रणाली बनाउन सक्षम पार्नेछ । त्यसले हामीलाई त्यो गहन अन्तरिक्ष वातावरणमा कसरी काम गर्ने भनेर सिक्न अनुमति दिन्छ ।ओरायन क्याप्सुल ११ डिसेम्बरमा पृथ्वीमा फर्किनेछ ।विविसी

# आसियन संसद्का प्रमुखहरू कम्बोडियामा भेला

नोम पेन्ह, ५ मङ्सिर

दिगो, समावेशी रबलियो क्षेत्र प्रवर्द्धन गर्ने उपायबारे छलफल गर्न दक्षिणपूर्वी एसियाली राष्ट्रहरूको सङ्घ (आसियान) का संसदीय नेताहरू सोमबार यहाँ जम्मा बताएका छन् । आसियान अन्तर-संसदीय सभा (४३औँ एआईपीए) को ४३औँ महासभाको उद्घाटन समारोहलाई दिएको शाही सन्देशमा कम्बोडियाका राजा नोरोदोम सिहामोनीले अन्तर-संसदीय कूटनीति, साझेदारी र सहयोग विस्तार र यस क्षेत्रको दिगो शान्ति र समृद्धि प्रवर्द्धन गर्न संसदीय कूटनीति, साझेदारी र सहयोग महत्वपूर्ण हुने बताएका छन। यस हप्ताको



आइपाको ४३औँ महासभाको भेलाले हाम्रो क्षेत्रको लागि अझ शान्त र समृद्ध भविष्य प्राप्त गर्न वर्तमान चुनौती पार गर्न एकता र प्रतिबद्धताको वास्तविक भावना प्रतिबिम्बित गर्दछ, राजाले भने । त्यस भविष्य प्राप्त गर्न हामीले राष्ट्रिय र क्षेत्रीय विकास प्रयासहरू दिगोपन, समावेशीता र लचिलोपनको अवधारणासँग राम्रोसँग मिल्दोजुल्दो छ भनी सुनिश्चित गर्नुपर्छ, उनले थप जोड दिदै भने । उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै कम्बोडियाका प्रधानमन्त्री सम्देच टेको हुन सेनले विश्वले भू- राजनीतिक गलगायत थुप्रै चुनौतीको सामना गरिरहेको बताउँनुभएको छ । राजनीतिक प्रतिस्पर्धा, युद्ध, व्यापार र आर्थिक ध्रुवीकरण, जलवायुपरिवर्तन र प्राकृतिक प्रकोपहरू लगायतका थुप्रे चुनौती आजका मुख्य चुनौती हुन् उनले भने । हुन सेनले ४३औँ एआईपीएले एआईपीए प्रतिनिधिहरूलाई एकतामा सहयोग सुदृढ गर्ने र यस क्षेत्रका जनताको हितका लागि नीतिगत सिफारिसहरू पहिचान गर्ने साझा उद्देश्यका साथ विस्तृत विषयमा छलफलमा सहभागी हुने अवसर प्रदान गरेको पनि बताएका छन । कम्बोडियाको राष्ट्रियसभाका अध्यक्ष सम्देच हेङ साम्रिनले यस भेलाले यस क्षेत्रले सामना गर्ने अवरोध र चुनौतीहरूको बीचमा आसियान संसदबीचको ऐक्यबद्धता, मित्रता र निकट सहयोगको बलियो भावना झल्काएको बताउनुभएको छ । आसियान समूहमा ब्रुनाई, कम्बोडिया, इन्डोनेसिया, लाओस, मलेसिया, म्यानमार, फिलिपिन्स, सिङ्गापुर, थाइल्याण्ड र भियतनाम छन् । (रासस-सिन्ह्वा)

# साउदीले विश्वकपमा कतारलाई सघाउने




रियाद, ५ मङ्सिर

साउदी अरबले फिफा विश्वकपमा कतारलाई सहयोग गर्ने भएको छ। साउदी युवराजले कतारमा जारी विश्वकप फुटबल प्रतियोगिता सफलतापूर्वक सम्पन्न गर्न छिमेकी देशलाई सघाउने बताएका छन ।

साउदी अरबका युवराज एवम् प्रधानमन्त्री मोहम्मद बिन सलमान अलसाउदले आफ्नो सरकारले विश्वकपको समयमा कतारलाई सहयोग गर्ने जनाउँदै सम्बद्ध निकायलाई सहायता उपलब्ध गराउन आदेश दिएको साउदी खेलकुद मन्त्रालयले जनाएको छ । एकमहिनासम्म सञ्चालन हुने अन्तर्राष्ट्रिय फुटबल प्रतियोगितामा युवराज अल साउदले कतारका प्रयासमा सघाउन, समर्थन गर्न एवम् थप कोषसमेत उपलब्ध गराउन सरकारी निकायहरूलाई निर्देशन दिएको उक्त मन्त्रालयले एक वक्तव्य निकालेर बताएको छ । सन् २०१७ मा संयुक्त अबर इमिरेट्स, साउदी अरब, बहराइन र इजिप्टले आतङ्वादप्रति कतार नरम रहेको आरोप लगाउँदै दोहासँगको कूटनीतिक सम्बन्ध तोडेका थिए ।

आफ्नो आर्थिक सफलताबाट ती छिमेकी देश असन्तुष्ट भएको भन्दै उक्त आरोप दोहाले अस्वीकार गर्दै आएको छ । (रासस/एएनआई)

# इरानले विश्वकपमा कतारलाई दैनिक २५० टन खाद्यान्न निर्यात गर्दै



तेहरान, ५ मङ्सिर

इरानले फिफा विश्वकपमा कतारमा प्रतिदिन २५० टन खाद्यान्न र कृषि उत्पादन निर्यात गर्ने इरानको ट्रेड प्रमोशन अर्गनाइजेसन (टीपीओ) प्रमुखले आइतबार जानकारी दिएका छन् ।इरानले दुई देशबीचको सम्झौता अनुसार कतारमा केही ढुवानी शुरु गरिसकेको इरानको आईआरआईबी समाचार एजेन्सीले टीपीओका अध्यक्ष अलिरेजा पेमनपाकलाई उद्धृत गर्दै उल्लेख गरेको छ । कतार लगायत छिमेकीहरूसँगको व्यापार बढाउनु वर्तमान इरानी सरकारको मुख्य दृष्टिकोण रहेको पेमनपाकले जोड दिएका छन् ।पेमनपाकले भने यसअघि इरान र कतारबीचको व्यापारिक सम्बन्ध उपयुक्त भन्सार र यातायात पूर्वाधारको अभावमा आंशिक रूपमा समाधान भइसकेको भए पनि अन्य समस्याका कारण अपेक्षाकृतरूपमा विकास हुन सकेको छैन ।उनले इरान र कतारले आफ्नो वार्षिक द्विपक्षीय व्यापार कारोबारलाई ३ अर्ब अमेरिकी डलरमा पुऱ्याउने रोडम्याप तयार गरेको पनि बताएका छन् । (रासस-सिन्ह्वा)

# लुकाकुले विश्वकपका दुई खेल गुमाउने



५ मंसिर, काठमाडौं ।

बेल्जियमका स्टार फरवार्ड रोमेलु लुकाकुले कतारमा भइरहेको फिफा विश्वकपमा सुरुको दुई खेल गुमाउने भएका छन् । समाचार संस्था एएफपीका अनुसार लुकाकुले समूह एफमा क्यानडा र मोरोक्को विरुद्ध खेल गुमाउनेछन् ।ह्याम्स्ट्रिङ चोटबाट रिकभर हुन प्रयासरत लुकाकुले बेल्जियमको पहिलो ट्रेनिङ सेसनमा सहभागिता जनाएनन् । बेल्जियमका लागि सर्वाधिक गोलकर्ता रहेका लुकाकुले १०२ खेलमा ६८ गोल गरेका छन् ।पूर्ण रुपमा फिट नभए पनि प्रशिक्षक रोबर्टो मार्टिनेजले लुकाकुलाई विश्वकप खेल्ने टिममा समावेश गरेका थिए । २९ वर्षीय लुकाकुका लागि पछिल्लो १८ महिना कठिन समय रह्यो । प्रिमियर लिग क्लब चेल्सीमा राम्रो प्रदर्शन नभएपछि उनी लोनमा इन्टर मिलान फर्केका थिए ।अगस्टमा पहिलो पटक चोट लागेयता उनले इन्टरका लागि जम्मा दुई खेल खेलेका छन् । गत महिना च्याम्पियन्स लिगमा भिक्टोरिया प्लेजन विरुद्धको खेलबाट लुकाकुले पुनरागमन प्रयास गरेका थिए । तर केही दिनपछि उनी फेरि घाइते भए ।बेल्जियमले बुधबार क्याडनाविरुद्ध खेल्दै विश्वकप सुरुवात गर्नेछ । २०१८ को विश्वकपको उपविजेता क्रोएसियासँग खेल्नुअघि बेल्जियमले मोरक्कोसँग खेल्नेछ ।

लुकाकुको स्थानमा कसले खेल्ने भन्ने मार्टिनेजले निर्णय लिनुपर्नेछ ।

विश्वकपअघि इजिप्ट विरुद्धको खेलमा २-१ ले पराजित हुँदा मिची बात्सुईले पहिलो रोजाइमा खेलेका थिए । बात्सुईलाई पछि लोइस ओपेन्डाले रिप्लेस गरेका थिए ।



वीरगन्जको आर्दशनगरस्थित ठाकुर राम बहुमुखी क्याम्पसको मतगणना केन्द्रमा मत पेटिका खन्याउँदै पर्साका मुख्य निर्वाचन अधिकारी विनोदकुमार पोखरेल ।
*तस्बिर : विजयकुमार महतो/रासस*

# मत परिणाम ढिलो, भ्रम छर्दै सामाजिक संजाल

मधेशदृष्टि
वीरगंज, मंसिर ५ ।

पर्साको प्रतिनिधि सभा तर्फको निर्वाचन मतगणना परिणाम ढिलो घोषणा हुँदा सर्वसाधारणमा अन्यौल बढ्दै गएको छ । सामाजिक सञ्जालका फैलाईने झुठा हल्लाले सर्वसाधारणले सास्ती खेप्दै आएका छन् । दिउँसो १ बजे देखि वीरगंजको ठाकुर राम क्याम्पसमा प्रतिनिधि सभा क्षेत्र नम्बर १ र २ को शुरु भएको थियो भने क्षेत्र नम्बर ३ र ४ को २ बजे पछि पोखरीया स्थित जिल्ला उच्चाङ्गल माविमा मत गणना शुरु भएको थियो ।

५ घण्टा वितिक्सदा पनि पर्साको ४ वटै निर्वाचन क्षेत्रको मत परिणाम सार्वजनिक नगर्नुले निर्वाचन कार्यालयको लापरवाही भएको गुनासो सर्वसाधारणको छ ।


प्रत्येक घण्टामा मत परिणना सार्वजनिक गर्ने प्रतिबद्धता व्यक्त गरिएको भए पनि लामो समयसम्म आधिकारिक रुपमा मत परिणाम नहुँदा सर्वसाधारणमा अन्यौल छाएको हो । आज विहान भएको सर्वपक्षिय बैठकमा समय सयमै अपडेट गर्ने निर्णय भए पनि सञ्चारकर्मी बसेको सञ्चार डेक्समा समेत ५ घण्टा वित्दा पनि परिणाम नआउनुले सञ्चारकर्मीहरुले समेत दिक्क मानेका छन् । यस तर्फ सम्बन्धित निकायको ध्यान जानु पर्ने माग सञ्चारकर्मीहरुको छ । साँझ ६ बजे पछि मात्रै प्रतिनिधि सभाको मत परिणाम आउने क्रम शुरु भएको छ। ४ वटा निर्वाचन क्षेत्र नम्बर मध्ये क्षेत्र नम्बर ४ को मत परिणाम ६ बजे सार्वजनिक भएको थियो । यसैविच सामाजिक सञ्जालमा राजनीतिक दल तथा स्वतन्त्र उम्मेदवारका निकट व्यक्तिहरुले भ्रम छर्दा सर्वसाधारणलाई सही सूचना पाउन मुस्किल भएको छ । पर्साका मुख्य निर्वाचन अधिकृत विनोद कुमार पोखरेलले सामाजिक सञ्जालले मत परिणाम घोषणा नभई भ्रम छर्ने काम गरेको प्रति रोष प्रकट गर्दै गलत सूचनाको पछाडी नलाग्न सर्वसाधारणलाई आग्रह गरेका छन् ।

यसैबीच सोमबार साँझ पर्साको प्रतिनिधि सभा तर्फको मत परिणाम घोषणा हुने क्रम शुरु भएको छ । घोषित पछिल्लो परिणाम अनुसार पर्सा क्षेत्र नम्बर ४ का नेपाली कांग्रेसका उम्मेदवार रमेश रिजालले ९ सय ४९ मत प्राप्त गरी अग्र स्थानमा छन् । सोही क्षेत्रका अर्का प्रत्याशी एमालेका जालिम मियाले ८ सय ४२ मत गरेका छन् । तेश्रो स्थानमा राप्रपाका अवधेश प्रसाद गौरे रहनु छन् । उनले ५० मत प्राप्त गर्नु गरेका छन् । पर्साको क्षेत्र नम्बर ४ मा २ हजार ७४ मत गणना हुँदा १ सय ८९ मत बदर भएको निर्वाचन कार्यालयले जनाएको छ ।

# इन्टरनेट पहुँचको अधिकार नयाँ मानवअधिकार हो त ?

इन्टरनेटमा पहुँच, प्रयोग र गभर्नेन्समा भेदभाव विरुद्धको अधिकार के हुन् ?
स्वतन्त्र समाचार सेवा

सन् १९८४ को अन्त्यमा, जब दोस्रो विश्वयुद्धको धङ्धङ्ती आममानिसको दिमागमा ताजै थियो, भर्खरै गठन गरिएको संयुक्त राष्ट्र संघको महासभाले एउटा गजबको दस्तावेज पारित गर्यो जुन त्यसपछि एक बेन्चमार्क बन्यो र एक आदर्श बन्यो: त्यो हो मानव अधिकारको विश्वव्यापी घोषणापत्र। यो दस्तावेजमा जीवनको अधिकार, समानता, निजी सम्पत्ति र अभिव्यक्तिको स्वतन्त्रता सहित ३० विश्वव्यापी र अपरिहार्य



अधिकार र स्वतन्त्रताहरू समावेश गरिएको छ। यी त्यस्ता अधिकारहरू हुन्, जसका बारेमा संयुक्त राष्ट्रसंघ आफैंले भनेको छ, हामी मानवको रूपमा जन्मेपछि यी अधिकार हामीले पाउनै पर्छ - ति कुनै पनि राज्यले प्रदान गर्ने होइन।त्यसयता घोषणापत्र परिमार्जन नभए पनि हालैका वर्षहरूमा अन्य अधिकारहरूले 'मानव अधिकार' दर्जा प्राप्त गरेका छन्, जस्तै सन् २०१० मा संयुक्त राष्ट्रसंघले मान्यता दिएको पानीको अधिकार र २०२१ मा स्वस्थ वातावरणको अधिकार।

अब, केही दशक पहिले कल्पना नगरिएको नयाँ अधिकारको मान्यताको लागि दबाब बढिरहेको छः इन्टरनेट पहुँचको अधिकार। इन्टरनेट पहुँचलाई मानव अधिकारको रूपमा मान्यता दिनुपर्छ किनभने, हाम्रो डिजिटल युगमा, त्यहाँ धेरै अन्य मानव अधिकारहरू छन् जुन इन्टरनेटको पहुँच बिना पर्याप्त रूपमा हासिल गर्न सकिँदैन, बर्मिंघम विश्वविद्यालयका ग्लोबल एथिक्सका लेक्चरर मेर्टेन रेग्लिट्जले भन्नुहुन्छ।

हो, प्रत्येक व्यक्तिलाई इन्टरनेटमा पहुँच प्राप्त गर्ने र प्रयोग गर्ने अधिकार छ। अभिव्यक्ति स्वतन्त्रताको अधिकार, शिक्षाको अधिकार, शान्तिपूर्ण भेला हुने तथा संगठित हुने अधिकार, सरकारमा भाग लिने अधिकार, रोजगारीको अधिकार र आराम तथा फुर्सतको अधिकार लगायतका मानवअधिकारहरूको पूर्ण उपभोगका लागि इन्टरनेटको पहुँच र प्रयोग बढ्दो रूपमा अपरिहार्य बन्दै गएको छ। इन्टरनेटमा पहुँच र इन्टरनेटको प्रयोगको अधिकार इन्टरनेटको यी सबै मानवअधिकारहरूसँगको अभिन्न सम्बन्धबाट प्राप्त हुन्छ।

इन्टरनेटमा पहुँच र इन्टरनेटको प्रयोगको अधिकार सबैका लागि सुनिश्चित गरिनेछ र उक्त अधिकारमा कानूनले तोकेबमजिमको अवस्था; लोकतान्त्रिक समाजमा राष्ट्रिय सुरक्षा, सार्वजनिक व्यवस्था, जनस्वास्थ्य, नैतिकता वा अन्य व्यक्तिको अधिकार र स्वतन्त्रता कायम गर्न आवश्यक पर्ने अवस्था; र यस बडापत्रमा उल्लिखित अन्य अधिकारहरूको प्रत्याभूत हुने अवस्थामा बाहेक कुनै प्रतिबन्ध लगाइने छैन।

यससम्बन्धमा नेपालमा कार्यरत संस्था डिजटल राइट्स नेपालका अनुसार इन्टरनेटमा पहुँच र इन्टरनेट प्रयोगको अधिकारअन्तर्गत निम्न विषयहरू समावेश हुन्छन्:

क) सेवाको गुणस्तर: मानिसले प्राप्त गर्नुपर्ने सेवाको गुणस्तरको पहुँच उन्नत प्रविधिगत सम्भावना अनुरूप विकसित हुनेछ।

ख) प्रणाली र सफ्टवेयर प्रयोगको छनौटमा स्वतन्त्रता: पहुँचअन्तर्गत प्रणाली, एप्लिकेसन तथा सफ्टवेयरहरूको प्रयोगको छनौट स्वतन्त्रता समावेश हुन्छ। यसलाई सहज बनाउन र अन्तरआबद्धता तथा नवप्रवर्तन कायम राख्न सञ्चार पूर्वाधार र प्रोटोकलहरू अन्तरसञ्चालन योग्य हुनुपर्छ र मापदण्डहरू खुला हुनुपर्छ। केन्द्रीकृत अनुमति र प्रमाणीकरण प्रक्रिया अवलम्बन नगरिकनै सामग्री, एप्लिकेसन र सेवाहरूमा नवप्रवर्तन गर्न सबैजना सक्षम हुनुपर्दछ।

ग) डिजिटल समावेशिताको सुनिश्चितता: डिजिटल समावेशीकरणका लागि सबै मानिसहरूको डिजिटल मिडिया, सञ्चार प्लेटफर्महरू र सूचना व्यवस्थापन तथा प्रशोधनका उपकरणहरूको दायरामा पहुँच र प्रभावकारी प्रयोग आवश्यक हुन्छ।

यसका लागि स्व-व्यवस्थित र समुदायमा आधारित सुविधा र सेवाहरूलाई सक्रिय सहयोग उपलब्ध हुनेछ। टेलिसेन्टर, पुस्तकालय, सामुदायिक केन्द्र, क्लिनिक तथा विद्यालयहरूमा सार्वजनिक इन्टरनेट पहुँच विन्दुहरू उपलब्ध गराइनेछ। मोबाइल मिडियामार्फत इन्टरनेटमा पहुँचलाई पनि सहयोग गरिनेछ।

घ) नेट तटस्थता र नेट समानता: इन्टरनेट एक विश्वव्यापी साझा संसाधन हो। यो सूचना, सञ्चार र संस्कृतिको स्वतन्त्र, खुला, समान र भेदभावरहित आदानप्रदानको साधन बन्नको लागि यसको संरचनाको संरक्षण र प्रवर्द्धन गरिनुपर्छ।

आर्थिक, सामाजिक, सांस्कृतिक वा राजनीतिक आधारमा कुनै पनि पक्ष वा विषयको लागि कुनै विशेष विशेषाधिकार वा अवरोधहरू हुनु हुँदैन। यसले इन्टरनेटमा र इन्टरनेटमार्फत समता र विविधता प्रवर्द्धन गर्न सकारात्मक विभेदलाई रोक्दैन।

डिजटल राइट्स नेपालका अनुसार इन्टरनेट पहुँच, प्रयोग र गभर्नेन्समा भेदभाव विरुद्धको अधिकार पनि छ।

मानवअधिकारको विश्वव्यापी घोषणापत्रको धारा २ मा उल्लेख भएअनुरूप नै प्रत्येक व्यक्तिलाई जाति, वर्ण, लिंग, भाषा, धर्म, राजनीतिक वा अन्य विचारधारा, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य कुनै पनि किसिमको भेदभाव बिना सबै अधिकार र स्वतन्त्रता हुनेछ।

यस बडापत्रमा उल्लिखित कुनै पनि व्यवस्थाले सीमान्तकृत व्यक्ति वा समूहहरूका लागि ठोस समानता सुनिश्चित गर्न गरिएको सकारात्मक विभेदमा रोक लगाउँछ भनी व्याख्या गरिनेछैन।

डिजटल राइट्स नेपालका अनुसार इन्टरनेटमा सबै अधिकारको उपभोगमा भेदभाव विरुद्धको अधिकारअन्तर्गत निम्नलिखित विषयहरू समावेश हुन्छन् :

क) पहुँचको समानता: समाजमा केही समूहहरूले प्रणालीगत रूपमै अन्यको तुलनामा इन्टरनेटमा पहुँच र त्यसको प्रभावकारी प्रयोगको लागि साधन र अवसरहरूमा सीमितता वा बन्देज भोग्नुपरेको छ। यसले इन्टरनेटले प्रवर्द्धन गर्ने मानवअधिकारको प्रयोग गर्ने उनीहरूको क्षमताको सन्दर्भमा वास्तविक भेदभाव सिर्जना गर्नसक्छ। तसर्थ पहुँच र प्रभावकारी प्रयोग बढाउने प्रयासहरूले यी असमानताहरूलाई पहिचान र सम्बोधन गर्नुपर्छ।

ख) सीमान्तकृत समूह: इन्टरनेट प्रयोगका सम्बन्धमा सबै मानिसहरूको विशिष्ठ आवश्यकताहरूलाई उनीहरूको मर्यादा, सामाजिक र सांस्कृतिक जीवनमा सहभागिता र मानवअधिकारको सम्मानसम्बन्धी हकको अंशका रूपमा सम्बोधन गरिनुपर्छ। ज्येष्ठ नागरिक, युवा, जातीय र भाषिक अल्पसंख्यक र आदिवासीहरू तथा अपाङ्गता भएका र सबै लैङ्गिकता र लैङ्गिक पहिचानका व्यक्तिलगायतका सीमान्तकृत समूहका आवश्यकताहरूमा विशेष ध्यान दिनुपर्छ।

सबै हार्डवेयर, कोड, एप्लिकेसन र सामग्रीहरू सार्वभौमिक डिजाइन सिद्धान्तहरू प्रयोग गरी डिजाइन गरिनु पर्छ ताकि सबै मानिसहरूबाट अनुकूलन वा विशेष डिजाइनको आवश्यकता बिना त्यसको अधिकतम उपयोग होस्। यसअन्तर्गत धेरैवटा भाषा र लिपिहरूलाई समेट्न सक्नु पनि आवश्यक हुन्छ।ग) लैङ्गिक समानता: महिला र पुरुषलाई इन्टरनेटमा पहुँच र इन्टरनेटको बारेमा जान्ने, परिभाषित गर्ने, पहुँच प्राप्त गर्ने, प्रयोग गर्ने र आकार दिने समान अधिकार छ ।

लैङ्गिक समानता सुनिश्चित गर्न इन्टरनेटको विकाससँग सम्बन्धित सबै क्षेत्रमा महिलाको पूर्ण सहभागिता हुनुपर्छ । यद्यपि महामारीले विश्वभर डिजिटलाइजेसनलाई तीव्रता दिएको छ, संयुक्त राष्ट्रसंघको हालैको रिपोर्ट अनुसार २.९ अर्ब मानिस वा विश्व जनसंख्याको ३७ प्रतिशतले कहिल्यै इन्टरनेट प्रयोग गरेका छैनन्। र धेरै, तिनीहरूसँग पहुँच भए तापनि, यसलाई प्रयोग गर्न सक्षम नभएको जस्तो देखिन्छ। खासमा इन्टरनेट जडान भए पनि, उपग्रहहरूले दुर्गम क्षेत्रहरूमा पुग्न सम्भव बनायो भने पनि, यदि तपाईंसँग मोबाइल फोन वा कम्प्युटर जस्ता उपकरणहरू छैनन् भने यसको कुनै फाइदा छैन। र यदि तपाइँसँग यसलाई प्रयोग गर्ने ज्ञान छैन भने यो बेकार छ। धेरै मानिसहरूलाई तिनीहरूलाई कसरी प्रयोग गर्ने थाहा छैन। त्यसैले विश्व जनसंख्याको ३७ प्रतिशत मानिस वा २.९ अर्ब मानिसलाई इन्टरनेटमा पहुँचको मानव अधिकार कसरी दिने हो थाहा छैन ।श्रोत: आइएनएस-स्वतन्त्र समाचार स्वतन्त्र समाचार सेवा / क्ष्ल्क का अन्य पोस्टहरु:

# श्रेष्ठ झण्डै दोब्बरले अग्रस्थान



मधेशदृष्टि
बारा, मंसिर ५ गते ।

बारा निर्वाचन क्षेत्र ४ मा सत्ता गठबन्धनका उम्मेदवार किसान श्रेष्ठले झण्डै दोब्बर मतले अग्र स्थानमा देखिएका छन् । सत्ता गठबन्धन उम्मेदवार श्रेष्ठले ७७७ मत ल्याएका छन् भने एमाले उम्मेदवार एकवाल मियाँले४९८ मत प्राप्त गरेका छन् । तेस्रो स्थानमा ८३ मत हलोले प्राप्त गरेको छ ।

प्रसौनी वडा न ७ बन्जरिया को १५७९ मत गणना हुदा श्रेष्ठले अग्र स्थानमा देखिएका हुन् । बारा ४ मा चापागलका उम्मेदवार ईच्छाबहादुर वाग्लेले घठ मत प्राप्त गरेका छन् ।

बारा निर्वाचन क्षेत्र १ मा प्रतिनिधि सभा सदस्यमा एमाले उम्मेदवार अच्युत मैनालीलाई पछ्याउँदै छन् गठबन्धन उम्मेदवार उमाकान्त चौधरी । सोमबार साँझसम्म १ हजार ३८९ मतगणना हुदा एमाले उम्मेदवार मैनालीले १ हजार ३८९ र सत्ता गठबन्धनका उम्मेदवार चोधरीले १ हजार १८२ मत प्राप्त गरेका छन् । बारा निर्वाचन क्षेत्र न १ मा तेस्रो स्थानमा लौरोले ७८ मत ल्याएको छ ।

S S Product
माधो एग्रो
धान थ्रेसर



तोरी, मकै, भटमास, समेत दाइ गर्न सकिने

हामी कहाँ ब्रह्मपुरीको हैरो, लेब्लर, कल्टीभेटर तथा अन्य कृषि उपकरणहरु समेत पाइन्छ ।

कुनै पनि कम्पनीको पुरानो थ्रेसर ल्याउनुहोस् ।
नयाँ थ्रेसर मात्र रू. २,२५,०००।- मा लिएर जानुहोस् ।

माधो एग्रो थ्रेसरको विशेषताहरू:

१. ८ गेजको चादरबाट टापा निर्माण गरिएकोले बढी टिकाउ हुने ।
२. १ घण्टामा ८० देखि १०० मनसम्म धान झार्न सकिने ।
३. पराल लामो तथा टाढा सम्म फाल्न सकिने ।
४. १ सिजनको पूर्ण वारेन्टी भएको ।
५. सुकेको र गिलो भएको धान सजिलै संग सफा झार्न सकिने ।
६. खेत तथा घरदैलोमा समेत २४ औं घण्टा कम्पनीको मेकानिकबाट रेखदेखको व्यवस्था ।
७. स्पेयर पार्टसहरु सजिलै सँग उपलब्ध हुने ।
८. डबल फ्लाइव्हिल जडान गरिएको ।
९. ड्रम साइज ६ तथा ६.५ फिटमा उपलब्ध ।
१०. I.S.O. बाट प्रमाणित भएको ।

* शर्तहरु लागु हुनेछ ।

सम्पर्क: त्रिशक्ति ट्रेडर्स, प्रतिमा चौक, वीरगंज, मो.नं. ९८५५०२१२८१
शाखा कार्यालय: भरतपुर, चितवन, ९८५५०३७०९९

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम उ.म.न.पा. वडा नं.-२, कदमचौक (नेपाल), E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, प्रधान सम्पादक : विश्वमणि पोखरेल